गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- भिझा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर खाऔं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारूपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ असार २० गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 04 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०६


## भद्रगोल महानगरपालिकाबारे श्वेतपत्र जारी

प्रस, वीरगंज, १९ असार/

वीरगंज महानगरपालिकाका प्रमुख महानगरपालिकाको कमजोरी औंल्याइएको छ । फोहर पानी प्रशोधन बीमनपामा ४१९ प्रतिशतले बेरुजू रकम बढ्दै गएको उल्लेख छ ।




श्वेतपत्र जारी गर्दै वीमनपाका प्रमुख सिंह (बीचमा)लगायत । तस्वीरः प्रतीक

राजेशमान सिंहले आइतवार महानगरवासीको लागि श्वेतपत्र जारी गरेका छन् । वीरगंजको अवस्थाबारे जानकारी गराउन आज नगरप्रमुख सिंहले श्वेतपत्र जारी गरेका हुन् ।

३८ पृष्ठको श्वेतपत्र जारी गर्दै नगरप्रमुख सिंहले पूर्वाधार, शिक्षा, स्वास्थ्य, बेरुजू, राजस्व, पेश्की, आर्थिक अवस्था र प्रगति विवरण, अनुदान रकम फिर्ता, कार्यालय व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता, गैरसरकारी संस्थाको समन्वयमा सरसफाइ, नक्शा पाँस, कानूनी मामिला, आन्तरिक लेखा परीक्षण, बजेट कार्यान्वयनको अवस्थाबारे जानकारी गराएका छन् ।

श्वेतपत्र जारी गरे पनि त्यसमा महानगरको नाममा रहेका सार्वजनिक जग्गा तथा स्वामित्व जग्गाबारेमा उल्लेख छैन । श्वेतपत्रमा विभिन्न संस्थाले सम्पत्तिकरबापत रु ३३ करोड ४१ लाख बक्यौता बुझाउनुपर्ने देखाइएको छ । ४८ वटा संस्थाबाट सो रकम असुल गर्नुपर्ने भनी सबैको नाम सार्वजनिक गरिएको छ ।

यसैगरी, विभिन्न ठेक्काबापत २०७५/७६ मा सात करोड १४ लाख, २०७६/७७ मा नौ करोड ८० लाख, २०७७/७८ मा १३ करोड नौ लाख र चालू आवमा १६ करोड ५३ लाख महानगरपालिकालाई बुझाउनुपर्ने बक्यौता देखाइएको छ । यसैगरी, २६ वटा शीर्षकमा १६ करोड ५३ लाख जरिवानासहितको बक्यौता बाँकी रहेको जनाइएको छ । यसमा मीनाबजार, सपिङ कम्प्लेक्स, घडीअर्वा पोखरी, स्वीमिङपुल, हेल्थ क्लब, शौचालय, सार्वजनिक पोखरी, सवारीकरलगायतका शीर्षकहरूमा बक्यौता देखाइएको छ ।

पूर्वाधारतर्फ महानगरका बीसवटा स्थानमा ४३.४५५ किलोमिटर नाला, २३.२५६ किलोमिटर पिच सडक, ०.४२१ किमी सडक ढलान, माईराम पोखरीको जग्गामा १९ कठ्ठा २८ धुरमा ग्रीन पार्क निर्माण गरिएको देखाएको छ । यी सबै एशियाली विकास बैंकद्वारा निर्मित योजना हुन् । यसैमा फोहर पानी प्रशोधन केन्द्र निर्माण भएपनि त्यसको सञ्चालन नियमसङ्गत नभएको भन्दै केन्द्रमा शौचालयको पानी जाने उपायहरु नअपनाइ परियोजनामा ठूलो लगानी गरी महानगरवासीको टाउकोमा एडिबीको ऋण थुपारेको र आन्तरिक स्रोतबाट बजेट खर्चेकोमा सो निर्णय अनुपयुक्त भएको ठहर गरिएको छ । फोहर पानी प्रशोधन केन्द्र चौबीसै घण्टा सञ्चालन हुनुपर्नेमा अहिले दैनिक तीन/चार मिनेट मात्र सञ्चालन भइरहेको र परियोजनामा निर्माण गरिएको पोखरी खाली अवस्थामा रहेको भनी चिन्ता व्यक्त गरिएको छ ।

श्वेतपत्रमा शिक्षातर्फ महानगरभित्र ५३ वटा निजी विद्यालयले अनुमतिपत्र लिए पनि अहिलेसम्म तह सञ्चालन नगरेको, दशवटा विद्यालयले अनुमतिपत्र लिए पनि फरक नामले सञ्चालन गरेको जनाइएको छ ।

स्वास्थ्य क्षेत्रमा ३४ वटा स्वास्थ्य केन्द्र रहेको देखाइएको छ । महालेखापरीक्षकको कार्यालयको आव २०७६/७७ को प्रतिवेदनमा तलबको नाममा फिल्ड भत्ता, जोखिम भत्तालगायत ४४ लाख ५४ हजार बेरुजू देखाइएको छ । बजेटको अवस्था हेर्दा आन्तरिक राजस्व कार्यालयका अनुसार वीरगंजमा ३७ हजार ४२४ अस्थायी लेखा नम्बर रहेकामा अहिलेसम्म वीमनपामा पाँच हजार ८५८ संस्था दर्ता रहेको र चालू आवको असार मसान्तसम्म एक करोड ५३ लाख ३२ हजार कर असुल गर्न बाँकी रहेको देखाइएको छ, जसमध्ये ३५ प्रतिशत संस्था महानगरभित्र दर्ता नरहेको श्वेतपत्रमा उल्लेख छ ।

बहालकरको तथ्याङ्क हेर्दा आन्तरिक राजस्व कार्यालय र महानगरबीच तुलना गर्दा १० प्रतिशत मात्र बहालकर दर्ता भएको र सोबापत १४ करोड ४९ लाख रकम असुल गर्नुपर्ने तथ्याङ्क महानगरसँग नरहेको उल्लेख छ ।

कार्यक्रममा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत बलराम ढकालगायत सहभागी थिए । श्वेतपत्र जारी गर्नेहरूमा डा दीपेन्द्रकुमार चौधरी, सन्दीप रौनियार, वासुदेवलाल कर्ण, सत्यराज घिमिरे, अरविन्दलाल कर्ण, हरिशङ्करप्रसाद कुर्मी, रूपनारायण राउत, रामकुमार कुशवाहा, ईश्वर बराल रहेका छन् ।

## एनआइसी एशिया बैंकको आतङ्क

प्रस, वीरगंज, १९ असार/

वीरगंजमा एनआइसी एशिया बैंकले ऋणीहरूसँग किस्ताबापतको रकम उठाउँदा अचाक्ली गर्दै आएको छ ।

सो बैंकका ऋणीहरूले दुई किस्ताको रकम नबुझाउँदा बैंकले फोनबाट ताकेता गरिरहने, सुरक्षागार्ड, कर्मचारी फर्म, घरमा पठाएर मानसिक तनाव दिने गरेको बताएका छन् । सवारीसाधन, घरकर्जा, व्यवसाय, उद्योग, कलकारखानाको लागि ऋण प्रवाह गरेको बैंकले यस प्रकारको हर्कत गरेर ग्राहकहरूलाई तर्साउने गरेको आरोप छ ।

हिजो शनिवार बिदाको दिन वीरगंज-३ मा एकजना ग्राहकको घरमै सुरक्षागार्ड पुगेर ऋण बुझाउन ताकेता गरेका थिए । घरमा सम्बन्धित मानिस नभएको भनिएपछि पनि सुरक्षागार्ड कुर्सीमा बसेर घण्टौं तनाव दिएको ऋणीले बताएका छन् ।



ऋणीको घरमा धर्ना दिंदै बैंकका सुरक्षागार्ड । तस्वीरः प्रतीक

## यातायात व्यवस्था कार्यालयको छानो जीर्ण

## वर्षातमा पानी चुहिएर भिज्न थाल्यो फाइलहरू

प्रस, परवानीपुर, १९ असार/

यातायात व्यवस्था कार्यालय (सवारी वीरगंज)को कार्यालय भवन दिन प्रतिदिन जीर्ण र असुविधाजनक बन्दै गएको छ ।

विगत लामो समयदेखि भाडामा प्रतिमाचोकनजीकै सञ्चालित उक्त कार्यालयको मुख्य भवनको रूपमा सडकदेखि उत्तर पश्चिमपट्टिको गोदाम जस्तो भवनलाई लिइन्छ ।

जसमा विभिन्न सवारीसाधनको दर्ता, नामसारी, सवारीसाधन धनी प्रमाणपत्रलगायतका दस्तावेजहरू दराज तथा र्‍याकमा राखिएका छन् । तर ती सबै कागजात पछिल्लो समय असुरक्षित बन्दै गएको कार्यालयका कर्मचारीहरू बताउँछन् ।

भवनको छाना कर्कटपाताको छ । कर्कटपाताको छाना खिया लागेर जीर्ण भइसकेको छ र ठाउँ-ठाउँमा प्वाल परेको छ । कर्मचारीहरूले बेला-बेलामा छानालाई त्रिपालले ढाकेर राख्ने गरेका छन् तर ठूलो वर्षा र हावाहुरी चल्दा त्रिपालले पानी थाम्दैन र पानी चुहिएर दराज र र्‍याकमा राखिएका दस्तावेजहरू भिज्न थालेको यातायात व्यवस्था कार्यालयका प्रमुख कुशेश्वर साह बताउँछन् ।

"बडो बिजोगको अवस्था छ, हामीले दिनदिनै कार्यालयमा आएर कार्यालयभित्र पानी त पसेन, छाना त उडाएन, कागजातहरू सुरक्षित छन् नि ? भनेर हेर्नुपर्छ," उनले भने, "यस विषयमा मधेस प्रदेशको भौतिक पूर्वाधार तथा यातायात विकास मन्त्रालय र सङ्घीय सरकारको भौतिक मन्त्रालयलगायत सरोकारवाला निकायमा पटक-पटक ताकेता गर्दै आएका छौं, तर पनि हालसम्म भवन निर्माणको लागि सरकारले बजेट छुट्याउन सकेको छैन ।"

उनले माथिल्लो निकायबाट 'जग्गा खोज्नुस्, हामी बजेट विनियोजन गर्छौं' भनी आश्वासन मात्र पाएको बताए । उनले आगामी केही वर्षभित्रै यातायात व्यवस्था कार्यालयको नयाँ भवनको निर्माण कार्य अगाडि बढेन भने अधिकांश



यातायात व्यवस्था कार्यालय, नारायणीको जीर्ण भवन । तस्वीरः प्रतीक

कागजात नष्ट हुने बताए ।

कार्यालय पन्ध्र वर्षअघिकै अवस्थामा रहेको तर सेवाग्राहीको चाप दिनानुदिन बढ्दै गएकाले अहिलेको अवस्थामा कार्यालयमा काम गर्न निकै कठिनाइ भइरहेको बताए ।

कार्यालयमा फाइल र ढड्डाहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएकाले कतिपय सेवाग्राहीहरूको फाइल र कागजातहरू खोजेको बेलामा नपाइने गरेको कर्मचारीहरूले गुनासो गरे ।

## मधेस प्रदेश सरकार महिलालाई लोकसेवाको तयारी गराउँदै

प्रस, वीरगंज, १९ असार/

मधेस प्रदेश सरकारले महिलाहरूलाई लोकसेवा परीक्षाको तयारी गराउन कार्यक्रम ल्याएको छ ।

मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम अन्तर्गत सञ्चालित लोकसेवा तयारी कक्षामा ४०० महिलाले तालीम लिइरहेको कार्यक्रमकी संयोजक प्रियङ्का यादवले बताइन् । कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लाबाट २५ जनालाई खरीदार र २५ जनालाई सुब्बाको तयारी गराउने व्यवस्था गरिएको छ ।

लोकसेवा तयारी कक्षा जेठ १९ गतेदेखि शुरू भएको हो । पर्सा जिल्ला अन्तर्गत सुन्दरमल रामकुमार कन्या मावि, वीरगंज, धनुषाको ज्ञानकुप मावि, जनकपुरधाम, सप्तरीको राठाजो भगत मावि, राजविराज, सिराहाको सिद्धार्थ शिशु निकेतन, सिराहा, महोत्तरीको वीणा विद्या मन्दिर, जलेश्वर, सर्लाहीको पब्लिक मावि, मलङ्वा, रौतहटको गौरीशङ्कर यादव रौतहट क्याम्पस, गौर, बाराको पन्नादेवी कन्या मावि, कलैयामा कक्षा सञ्चालन भइरहेको संयोजक यादवले बताइन् ।

सो तालीमबाट महिलाहरूमा लोकसेवा तयारीबारे मनोबल उच्च पार्ने विश्वास लिएको कार्यक्रमकी संयोजक यादवले बताइन् ।

प्रदेश लोकसेवा आयोगको परीक्षामा मधेस प्रदेश सरकारले ५० प्रतिशत महिला आरक्षणको व्यवस्था गरेको र लोकसेवा तयारी कक्षा सञ्चालनबाट सरकारी जागीरमा महिलाहरूको सहभागिता बढ्ने उनले बताइन् ।

यसअघि मधेस प्रदेश सरकारले आव २०७५/७६ मा १०० र २०७६/७७ मा ३५० जना महिलालाई कक्षा सञ्चालन गराइ लोकसेवा परीक्षाको तयारी गराएको थियो ।

## विद्यालयको व्यवस्था सुदृढ गर्न ठोरी गापा सक्रिय

चिरञ्जीवी सापकोटा, ठोरी, १९ असार/

ठोरी गाउँपालिकाले विद्यालयहरूको अनुगमन शुरू गरेको छ ।

गापा अध्यक्ष लालबहादुर श्रेष्ठको नेतृत्वमा वडा नं १ देखि विद्यालयको अनुगमन शुरू गरिएको गापाको युवा तथा शिक्षा शाखाका प्रमुख भुपालकुमार जोशीले जानकारी दिए ।

ठोरी गापा-३ स्थित नेरामावि ओडारको अनुगमनपछि शिक्षकसँगको परिचयात्मक कार्यक्रममा अध्यक्ष श्रेष्ठले आफूले पहिलो प्राथमिकता शिक्षालाई दिएको बताए । उनले जबसम्म शिक्षामा परिवर्तन आउँदैन, तबसम्म समाज परिवर्तनको कल्पना गर्न नसकिने बताए । अध्यक्ष श्रेष्ठले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरूलाई आग्रह गरे ।

ठोरी गापाभित्र बालविकासदेखि कक्षा १२ सम्म निश्शुल्क शिक्षा प्रदान गर्ने, जस्तापाता फेर्ने निर्णय गरेर लोकप्रिय कार्य गरेको र अध्यक्ष श्रेष्ठको विद्यालय अनुगमनलाई शिक्षाप्रतिको




चासो र जिम्मेवारीको रूपमा लिनुपर्ने स्थानीय शिक्षक हरि दर्जीले बताए ।

अनुगमन टोलीले विद्यालयका प्रत्येक कक्षा कोठामा प्रवेश गरी पठनपाठन तथा विविध विषयमा विद्यार्थीहरूसँग चासो राखेको थियो । विद्यालयमा देखिएका समस्याको समाधान गापाले गर्ने अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

अनुगमन टोलीमा उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, वडाध्यक्ष शम्भु खड्का, युवा तथा शिक्षा शाखाका प्रमुख जोशी र जिल्ला समन्वय समिति पर्साका पूर्वउपप्रमुख ठाकुरप्रसाद न्यौपानेको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**माया गर वा घृणा–दुवै मेरै हितमा हुन्छ । यदि तिमी माया गर्छौ भने म सदैव तिम्रो हृदयमा रहन्छु, घृणा गर्छौ तिम्रो मनमा रहन्छु ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# कुरा विद्युत् प्राधिकरणको मात्र होइन

**बडो उमङ्ग र जोशका साथ सरकारी सञ्चार एजेन्सी 'राष्ट्रिय समाचार समिति'ले समाचार प्रकाशन गरेको छ–'बिजुली बेचेर प्राधिकरणले एक महीनामा कमायो १७२ करोड' । यो उमङ्ग राससको मात्र होइन, हामी सबै नेपालीको पनि हो । यसले सधैं ऊर्जाका लागि अरूमा निर्भर नेपाल पनि ऊर्जा बिक्रेता भएको सन्देश दिएको छ । के जादू भयो र पाँच वर्ष पहिले दैनिक १८ घण्टा लोडसेडिङमा पर्ने देश एक्कासि बिजुली निर्यातक भयो। यसभित्रको कथा भ्रष्टाचार, निकम्मापन, अदूरदर्शिताले भरिएको छ । एउटा लगनशील, देशप्रेमी र अपार इच्छाशक्ति भएको मानिसले यो चमत्कार गरेर देखाएको हो । यद्यपि उनको योजना र कार्यविधिलाई सफल पार्न प्राधिकरणका कर्मचारीहरू पनि त्यतिकै धन्यवादका पात्र छन् भने कुलमान घिसिङको छनोटलाई पनि यसको श्रेय दिनुपर्छ । नेपालमा जे कुराको पनि प्रशस्त सम्भावना छ, मानिसहरू पनि योग्य र सक्षम छन् तर प्रणालीबेगर सबै क्षेत्र लथालिङ्ग छ । नेपाल विद्युत् प्राधिकरणको सफलताले दिएको सबैभन्दा सार्थक सन्देश यही हो । अब भारत मात्र नभएर बङ्गलादेशलगायत मुलुकलाई बिजुली बेच्ने ल्याकतसम्म प्राधिकरणलाई पुऱ्याउनुपर्छ र देशवासीलाई पनि सस्तो, गुणस्तरीय सेवा दिन सक्नुपर्छ । सफलताको दोस्रो पक्ष यही हुन सक्छ ।**

**कथामा कथा जोडिएर एउटा सम्पूर्ण ग्रन्थ बन्छ । देशमा पनि बिजुलीको कथामा सडक, खानेपानी, सिंचाइ, शिक्षा, स्वास्थ्य उपचारलगायत अन्य संस्थानहरूको कथा जोडिँदै जाने हो भने हामीले गरीबी भोग्नुपर्ने छैन, अरूको भरमा बाँच्नुपर्ने छैन । ल्याकत भएका नागरिक छन्, गरीखाने बलिया पाखुरीहरू छन्, छैन भने सत्ताधारीहरूमा इच्छाशक्ति, सुशासनको सञ्चरण । नेपालमा गर्नु भनेको देश बनाउनु हो, नगर्नु भएको आफू बनाउनु हो । देश बने सबै बन्छन् भन्ने साझा भावको अभावले जहिले पनि, जुन क्षेत्र पनि लथालिङ्ग र अस्तित्वनाशको अवस्थामा पुगेको छ । हेटौंडा कपडा कारखाना, वीरगंज चिनी मिल, कृषि औजार कारखाना, विराटनगर जुट मिल, जनकपुर चुरोट कारखानालगायत नेपालका सम्पत्ति नाश हुनुमा प्रजातान्त्रिक कालका राजनेताहरूको मैंमत्तापन र अदूरदर्शिताबाहेक केही होइन । यी संस्थानहरूमध्ये प्रायःले आजको मितिसम्म पुनरोद्धार हुने अवस्था पार गरिसकेका छन् । कृषि क्षेत्र अहिले पनि जेनतेन जोगिएको छ । यो क्षेत्र पनि कुनै यस्तै योग्य र दूरदर्शी व्यक्तिलाई जिम्मा दिने हो र वास्तविक कृषकसम्म सरकारको लगानी पुग्न सक्ने हो भने हिजोजस्तै नेपालको खाद्यान्नले विदेशी बजार नलिने कुनै कुरा छैन ।**

**वन–जङ्गललाई जोगाउन सक्ने हो भने कार्बन बिक्रीबाट अथाह पैसा प्राप्त गर्न सकिन्छ । पहाड र हिमालमा विकासका निश्चित योजनाहरू फलीभूत पार्न सके दूग्धजन्य पदार्थ र फलफूल पनि निर्यात गर्न नसकिने होइन । गर्नु धेरै केही छैन, मध्य र पश्चिमी पहाडको कृषकसम्म कृषि सडक पुऱ्याउन सक्नुपर्छ नेपालको स्याउले विदेशको बजार गम्काउँदै, सबैको मुख रसिलो पारिदिन्छ । लक्ष्य एउटा तारो अन्यत्र हान्ने स्वार्थी खेलले नेपाल आज गरीब मुलुक बनेको हो । जनता त धनी नै छ । जसले ४१ करोडको च्युइँगमजस्तो फालतु चीज चबाउन सक्छ, ३ अर्बको फलफूल खान सक्छ, रक्सीको घुटकोमा अर्बौं सिध्याउन सक्छ, रु २०० लिटर पेट्रोलमा निधार खुम्च्याउँदैन, त्यस्ताको देश गरीब हुनुको पछाडि कुन गणितले काम गरिरहेको छ, स्पष्ट बुझ्न सकिन्छ ।**

# मूल्यवृद्धि एक गम्भीर समस्या

शिक्षा नेपाल




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**कुनै महान् अर्थशास्त्रीले भनेका छन्–"देशमा मूल्यवृद्धि नियन्त्रणको लागि सही नीति, जनसङ्ख्या नियन्त्रण, उत्पादित वस्तुहरूको मूल्यमा प्रतिबन्धन त आवश्यक छ नै, त्यसभन्दा पनि बढी आवश्यकता दृढ राजनीतिक इच्छाशक्ति हो ।" मूल्यवृद्धि विश्वव्यापी समस्या हो ।**

मूल्यवृद्धिको अर्थ वस्तु र सामग्रीको मूल्यमा एक्कासि वृद्धि हुनु हो । मूल्यवृद्धिको समस्या खासगरी गरीब र मध्यम वर्गका मानिसले झेल्नुपर्छ । नेपालमा मात्र होइन विश्वमैं आज मूल्यवृद्धि एउटा गम्भीर समस्या बन्दै गएको छ । यसबाट आम जनतालाई कैयन प्रकारको परेशानीको सामना गर्नुपरिरहेको छ । दिन प्रतिदिन दैनिक उपभोग्य र जीवनको लागि चाहिने आवश्यक वस्तुहरूको मूल्य बढिरहेको छ । परिणामस्वरूप आम मानिसको जीवन दिन प्रतिदिन कठिन बन्दै गएको छ । विडम्बना त के छ भने मूल्यवृद्धिले मर्यादाको सीमा पनि पार गरिसकेको छ । जुन तलबमा हिजो जगीरेलाई गर्व र आत्मविश्वास थियो त्यो आज तलब वृद्धिपश्चात् पनि बेकार साबित भइरहेको छ । कुनै पनि वस्तुको मूल्य बढ्नु देशको अर्थव्यवस्था प्रणालीमा स्वाभाविक हुन्छ किनभने लगातार भइरहेको जनसङ्ख्या वृद्धि र वस्तुहरूको माग र आवश्यक कारणले गर्दा मूल्य बढिरहेको हुन्छ । यदि मूल्यवृद्धिको समस्याको छिट्टै समाधान खोजिएन भने राष्ट्रिय जीवनलाई अस्तव्यस्त हुनबाट कसैले जोगाउन सक्दैन ।

देशमा सङ्घीयता लागू भएपछि मानिसको हृदयमा जुन सुख र समृद्धिको आस जागेको थियो, त्यो आजसम्म पुग्दा पनि फलदायी हुन सकेको छैन । सरकारी योजनाहरूको खर्चमा वृद्धि हुँदै गयो । कागजी तथ्याङ्कमा गरीबी घट्दै गयो तर कोरोनाजस्तो महामारीले पुनः हामी नेपालीलाई पुरानै ठाउँमा पुग्न बाध्य बनायो । कोरोनाको कहर समाप्त नहुँदै रूस–युक्रेन युद्धले हामी नेपालीलाई पुनः आर्थिक मन्दीतिर लगेको सङ्केत दिएको छ । अर्थात् मूल्यवृद्धिको मार खेप्नु हाम्रो नियति बन्दै गएको छ । सिमेन्ट, फलाम, कागज, ओखति र चाहिने खाद्य सामग्री आदिको भाउ पहिलेभन्दा कैयन गुना बढिसकेको छ । आज आम मानिसको असन्तोष चरम सीमा पार गरिसकेको छ । यदि मूल्यवृद्धि यसैगरी बढ्दै गयो भने भविष्यमा अर्को आन्दोलन हुने सम्भावना प्रबल छ । एकातिर सरकारले मूल्यवृद्धि कम गर्ने कुरा गर्दछ भने अर्कोतिर दिन प्रतिदिन मूल्यवृद्धि भइरहेको छ । आज सबैले मूल्यवृद्धि कम गर्ने माग गरिरहेका छन् तर मूल्यवृद्धि न्यून हुने नाम नै लिइरहेको छैन । आखिर यस्तो किन भइरहेको छ ?

नेपालमा मूल्यवृद्धिका कैयन कारण छन् । नेपालमा धेरैजसो सामग्री अन्य मुलुकबाट आयात हुन्छ । यदि त्यस्ता आयातित वस्तुको मूल्य उत्पादक मुलुकमैं वृद्धि हुन्छ भने स्वाभाविकरूपले हाम्रो देशमा पनि मूल्यवृद्धि भइहाल्छ । यसबाहेक उत्पादको आपूर्ति कम हुनु, उत्पादको कालोबाजारी हुनु, आफूखुशी वस्तु र उत्पादको मूल्यमा वृद्धि गर्नु आदिले पनि हाम्रो देशमा मूल्यवृद्धि हुने गर्छ । नेपालमा मूल्यवृद्धिको एउटा अर्को कारण पनि छ–जनसङ्सख्या वृद्धि र युवाशक्ति बेरोजगारी भएर विदेश पलायन हुनु । यसले गर्दा कृषिप्रधान देश भए तापनि अन्नबालीको उत्पादन दिन प्रतिदिन घट्दै गइरहेको छ भने त्यसको आपूर्ति सहज ढङ्गले भइरहेको छैन । यसैगरी बिजुली उत्पादनमा कमीले पनि मूल्यवृद्धिलाई सघाइरहेको छ । त्यहीं अर्कोतिर प्राकृतिक प्रकोपले गर्दा उपजमा कमीले पनि मूल्यवृद्धि हुने एउटा कारण बन्न पुग्छ । धेरैजसो ठाउँमा व्यापारीहरूले वस्तु र उत्पाद जम्मा गरेर त्यसको कालोबाजारी गर्छन् । वस्तु धेरै मात्रामा जम्मा गरेर, खासगरी शहरी क्षेत्रमा, त्यसको कृत्रिम अभाव सिर्जना गर्दा मूल्यवृद्धि हुन्छ । यसमा नियन्त्रण गर्ने निकायको मौन स्वीकृतिले गर्दा पनि मूल्यवृद्धि हुने गर्छ ।

हाम्रोजस्तो सानो र विकासशील मुलुकमा पनि कालोबाजारी बढेकोले मूल्यवृद्धि भइरहेको छ । उदाहरणको लागि वीरगंज बाजारमैं भ्रमण गर्दा ब्यारेकनिर भएको सब्जीबाजारमा तरकारीहरूको मूल्य एउटा हुन्छ भने माईस्थानमा खुलारूपमा बेचिने तरकारीको मूल्य र सब्जी बाजारमा बेचिने तरकारीको मूल्य, बिर्ता बाजार र श्रीपुर बाजारको मूल्य भिन्न–भिन्न हुन्छ । यसले गर्दा धेरैजसो गरीब मानिसलाई राम्रो खाना नसीब भइरहेको छैन । जुन बेला बाजारमा पर्याप्त मात्रामा वस्तु उपलब्ध हुन्छ त्यसबेला व्यापारीहरू बढी मात्रामा त्यसलाई किनेर आफ्नो गोदाममा थुपार्छन् र यसरी वस्तुहरूको कमी भएपछि त्यसको मूल्यवृद्धि हुन्छ । यसरी व्यापारीहरूले कालोबाजारी गरेर देशको अर्थव्यवस्था बिगार्ने काम गर्छन् । यदि यसलाई समयमैं रोकिएन भने मूल्यवृद्धिको समस्या कहिले पनि समाप्त हुँदैन ।

देशमा सही तरीकाले वस्तुहरूको बाँडफाँड नहुनु पनि ठूलो समस्या बनेको छ । आवश्यक वस्तुको उपभोगमा सही तरीकाले बाँडफाँड गर्न धेरै कानून बनाउनुपर्छ । देशका प्रत्येक ठाउँमा खाद्य वस्तुको आपूर्तिका लागि आपूर्ति विभाग स्थापित गरिनुपर्छ । नेपालको हरेक शहरमा दशैंको बेला मात्र नभई सधैंको लागि सुपथ मूल्यको पसल ठाउँ–ठाउँमा सरकारद्वारा खोलिनुपर्छ किनभने व्यापारीको एकमात्र लक्ष्य धन कमाउनु हुन्छ । यसको लागि उनीहरू सधैं सजिलो बाटो खोजिरहेका हुन्छन् । फलस्वरूप उनीहरू आवश्यक सामग्री सङ्ग्रह गरेर राख्छन् र बढी मूल्यमा बेच्छन् । अर्कोतिर भ्रष्टाचार पनि मूल्यवृद्धिको एउटा बलियो कारण हो । हिजोआज बढी भौतिक सुविधा हासिल गर्न मानिसहरूलाई बढी धन चाहिन्छ र यसको लागि उनीहरू अनैतिक तरीकाले धन कमाउँछन् । यसको रोकथामको लागि सम्बन्धित निकायले इमान्दारीपूर्वक काम गर्नुपर्ने हुन्छ । यदि खाद्यान्न वितरण प्रणाली सही हुन्छ भने मूल्यवृद्धिलाई केही हदसम्म न्यून गर्न सकिन्छ ।

मुनाफाखोर व्यापारी, केही भ्रष्ट अधिकारी र नेताहरू पनि हालको मूल्यवृद्धिका लागि जिम्मेवार छन् । यदि हाम्रो देशमा नियम कानूनको सही ढङ्गले पालना हुन्छ भने मूल्यवृद्धि कम गर्न सकिन्छ । सबैभन्दा पहिले सरकारले देशको उत्पादनमा वृद्धि र त्यसलाई गुणस्तरीय बनाउनुपर्छ । हाम्रो लागि अत्यन्त दुःखको कुरो के हो भने हालसम्म पनि, कृषि प्रधान देश भए तापनि, सरकारले किसानहरूको पीडा बुझ्न सकेको छैन । उनीहरूको लागि सिंचाइको समुचित व्यवस्था, बीउको कमी, खादको प्रबन्ध, आधुनिक साधनको उपलब्धता, समुचित तालीमको व्यवस्था र कृषि क्षेत्रको उन्नतिका लागि किसानहरूलाई ब्याजमुक्त ऋण उपलब्ध गराउन सकेको छैन । सरकारले सदरमुकामको विकास भन्दा बढी गाउँको विकासमा ध्यान दिनुपर्छ । भन्न के खोजिएको हो भने जहाँ किसानहरूको उत्पादन बढाउन सरकारले विशेष योजना निर्माण गरी ध्यान दिनुपर्छ त्यहीं कालोबाजारी र जमाखोरी रोक्नको लागि कडा कानून पनि बनाउनुपर्छ ।

मूल्यवृद्धि रोक्नको लागि बढीभन्दा बढी उद्योग स्थापनामा ध्यान दिनुपर्छ । यसबाट मानिसहरूले रोजगार पाउनुका साथै उत्पादनमा पनि वृद्धि हुन्छ । दैनिक उपभोग्य सामग्रीको मूल्यमा बढी वृद्धि हुनुहुँदैन किनभने शासनमा बस्ने मानिसलाई मूल्यवृद्धिबाट केही खास फरक पर्दैन तर मूल्यवृद्धिले गर्दा देशको शासन गलत हातमा जान्छ । बेरोजगारी जस्तो गम्भीर समस्या कम गर्नुपर्छ । कच्चा मालको आपूर्ति बढाउनुपर्छ । यसको लागि स्वयं नागरिक पनि जनसङ्ख्या नियन्त्रण, भ्रष्टाचार उन्मूलन र देश विकासका लागि इमानदार प्रयासको थालनी गर्नुपर्छ । बैंकहरूले पूँजी बढाउनको लागि ब्याजदर बढाउनुपर्छ । मानिसहरूले बैंकमा घरमा जमेर रहेको पूँजी जम्मा गर्न थालेपछि उनीहरूले खरीददारी कम गर्छन् र मूल्यवृद्धि नियन्त्रण सजिलो हुन्छ । यसबाट पनि मानिसको जीवनमा सुधार ल्याउन सकिन्छ ।

गहरिएर हेर्ने हो भने हाम्रो देशमा कर्मचारीहरूको तलब पनि मूल्यवृद्धिको कारण रहेको छ । ठूल्ठूला व्यापारीसँग कालोधन हुन्छ । उनीहरू गैरकानूनी तरीकाले धन आर्जन गर्छन् र रिश्वतखोरी र भ्रष्टाचारलाई बढावा दिन्छन् । मध्यम र निम्न वर्गका मानिसहरूको आम्दानीमा वृद्धि हुँदैन । मूल्यवृद्धिले उनीहरूको स्थिति नराम्ररी प्रभावित हुन्छ र कर्मचारी तलब बढाउने माग गर्छन् । उनीहरू काम बन्द गर्छन् वा बेइमान हुन थाल्छन् । यसरी कर्मचारीहरूको कारण पनि मूल्यवृद्धि हुन्छ र यो निरन्तर जारी नै रहेको छ ।

मूल्यवृद्धि नियन्त्रण गर्न आवधिकरूपमा आन्दोलन पनि नभएका होइनन् तर मूल्यवृद्धि हालसम्म रोकिएको छैन । मूल्यवृद्धि कम गर्नको लागि उपयोगी राष्ट्रिय नीतिको खाँचो छ । जनसङ्ख्या वृद्धिको अनुपातमा मूल्यवृद्धि रोक्नु अत्यन्त आवश्यक भइसकेको छ । कुनै महान् अर्थशास्त्रीले भनेका छन्–"देशमा मूल्यवृद्धि नियन्त्रणको लागि सही नीति, जनसङ्ख्या नियन्त्रण, उत्पादित वस्तुहरूको मूल्यमा प्रतिबन्धन त आवश्यक छ नै, त्यसभन्दा पनि बढी आवश्यकता दृढ राजनीतिक इच्छाशक्ति हो ।" मूल्यवृद्धि विश्वव्यापी समस्या हो । अन्तर्राष्ट्रिय परिस्थितिहरू पनि मूल्यवृद्धिको लागि उत्तरदायी छन् । वर्तमान सरकारले पनि यसलाई रोक्ने प्रयास गरिरहेको छ तर धेरै कुरो गर्न अझ बाँकी छ । सरकारले मूल्यवृद्धि कम गर्नको लागि राम्रो योजना ल्याउनुपर्छ र सबैले त्यसलाई सघाउनुपर्छ । यसरी पारस्परिक सहयोगबाट नै मूल्यवृद्धिमाथि नियन्त्रण गर्न सकिन्छ ।

# लोककल्याणकारी विज्ञापन वितरण गर्दै मधेस प्रदेश सरकार

जनकपुरधाम, १९ असार ⁄ रासस

मधेस प्रदेश सरकारले सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने भएको छ । मधेस प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले 'मधेस प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि–२०७९' र 'मधेस प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि–२०७९' स्वीकृत गरेसँगै विज्ञापन वितरणको बाटो खुला भएको हो ।

गृह तथा सञ्चार मन्त्रालय अन्तर्गतको आमसञ्चार प्राधिकरण मधेस प्रदेशले प्रदेशका आठवटै जिल्लाबाट पत्रपत्रिका, टेलिभिजन, रेडियो ⁄ एफएम र अनलाइन सञ्चारमाध्यमलाई मधेस प्रदेश सरकारको लोकहितका विज्ञापन एवं सूचना लोककल्याणकारी विज्ञापनको रूपमा विरतण गर्न लागेको छ ।

यसका लागि सञ्चारमाध्यमलाई सूचीकृत गराउन आवेदन आह्वान गरेको र आवेदन आएलगत्तै तीन–चार दिनभित्रै सञ्चारमाध्यमलाई लोकल्याणकारी





तस्वीरः सौजन्य

विज्ञापन उपलब्ध गराइने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिए ।

केही महीना अघिदेखि नै लोककल्याणकारी विज्ञापन वितरणको तयारी गरिए पनि मन्त्रिपरिषद्बाट कार्यविधि स्वीकृत हुन ढिलाइ भएको र कर्मचारी आभावलगायत कारणले केही समय ढिलाइ भएको उनले बताए । लोकल्याणकारी विज्ञापनको सबै तयारी भइसकेको र केही दिनभित्रै सबै सञ्चारमाध्यमलाई त्यो उपलब्ध गराइने उनको भनाइ छ । त्यस्ता विज्ञापन एवं सूचना सञ्चारमाध्यमले प्रकाशन–प्रसारण गरेबापत आमसञ्चार प्राधिकरणबाट कार्यविधिमा तोकिएबमोजिम भुक्तानी उपलब्ध गराइने अध्यक्ष यादवले जानकारी दिए ।

यसैगरी पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि स्वीकृत भएपछि प्रदेशका जिल्लालाई कार्यक्षेत्र बनाएर निरन्तर पत्रकारिता गर्दै आएका पत्रकारहरू बीमा कार्यक्रमबाट लाभ लिने बाटो खुलेको छ ।

बीमामा सहभागी पत्रकारले वर्षमा एकपटक रु एक लाखसम्मको औषधोपचार खर्च पाउने र रु सात लाखसम्मको दुर्घटना बीमा प्राप्त गर्ने कार्यविधिमा व्यवस्था गरिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# रासससलाई निष्पक्ष समाचार संस्थाको रूपमा विकसित गर्छु -झा

झापा, १९ असार/रासस

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले रासससलाई राष्ट्रको आवाज बोक्ने निष्पक्ष, स्वतन्त्र र आधिकारिक समाचार संस्थाको रूपमा थप विकसित गरिने जानकारी दिएका छन् ।

आज बिहान भरतपुरस्थित रासस झापा कार्यालयको निरीक्षण गर्दै उनले रासस जनताको करबाट सञ्चालित सरकारी निकाय भएको हुँदा यसको सेवा जनमुखी, पूर्वाग्रहमुक्त र देशको आवाज बन्नुपर्छ भने ।




"म अहिले राससको अवस्था र सम्भावनाबारे अध्ययन गरिरहेको छु, केही कोणबाट रासस निष्पक्ष भएन भन्ने आरोप आउने गरेको सुनिरहेको छु"- उनले भने-"राष्ट्रको प्रतिष्ठा जोडिएको संस्था भएकोले रासससकर्मीले राजनीतिक आग्रह र पूर्वाग्रहबाट मुक्त भएर निष्पक्ष र साझा भएर काम गर्नुपर्दछ ।"

राससको समाचार अझ बढी विश्वसनीय, जनमुखी र खोजमूलक बनाउन आफ्नो भूमिका रहने जनाउँदै उनले राससको ग्राहक र पाठक वृद्धिका लागि कार्ययोजना ल्याइने बताए ।

सो अवसरमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, प्रेस काउन्सिल नेपालका अनुगमन अधिकृत लोकराज भट्ट, महासङ्घ झापाका पूर्वअध्यक्षद्वय गोविन्दचन्द क्षत्री र मोहन काजी, महासङ्घका केन्द्रीय पार्षद् ज्ञानेन्द्र निरौलाले रासस कार्यालयको निरीक्षण गरे । रासस झापा कार्यालयकी प्रमुख चन्द्रकला भण्डारीले उक्त अवसरमा राससको स्थानीय अवस्था, अवसर र चुनौतीका विषयमा जानकारी गराएकी थिइन् ।

# बालुवा, गिट्टी लोड दुईवटा ट्याक्टर नियन्त्रणमा

प्रमोद यादव, पंचगावाँ, १८ असार/

गिट्टी, बालुवा लोड दुईवटा ट्याक्टर इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले नियन्त्रणमा लिएको छ।

प्रहरी निरीक्षक किशोर आचार्य नेतृत्वको टोलीले पटेर्वासुगौली गाउँपालिका-२ गादी खोलाबाट गिट्टी, बालुवा लोड गरेका ना.६त ३६५२ र ना.७त १४३४ नम्बरका दुईवटा ट्याक्टर नियन्त्रणमा लिएको हो ।

ट्याक्टरधनी र चालकको खोजतलाश भइरहेको प्रनि आचार्यले बताए ।

पर्साको गादी, जमुनिया र भलुवाही खोलाबाट अहिले व्यापकरूपमा बालुवा, गिट्टीको तस्करी भइरहेकोमा अहिले प्रहरी सो कार्य रोक्न निकै सक्रिय भएको स्थानीयवासीले अचम्म मान्दै भने ।

# फरार अभियुक्त पटेल पक्राउ

प्रस, वीरगंज, १९ असार/

जिल्ला प्रहरी कार्यालय, पर्साको टोलीले हिजो दिउँसो अदालत परिसरबाट ज्यान मार्ने मुद्दाका फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जगरनाथपुर गाउँपालिका-६ प्रसौनी निवासी ऋषि पटेललाई नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले जानकारी दिएका छन् ।

२०७८ भदौ २० गते दिउँसो विन्ध्यवासिनी गाउँपालिका-१ गर्दौल टोलनजीकको सडकमा अकलेश पटेललाई मुद्दाका आरोपित लक्ष्मणप्रसाद कुर्मी, नारायणप्रसाद कुर्मी, ऋषि पटेल, त्रिभुवनप्रसाद कुर्मी, राजकुमार कुर्मी, श्यामसुन्दर कुर्मीलगायतका व्यक्तिहरूले कुटपिट गरी घाइते बनाएका थिए ।

# एयरलाइन्सका रात्रि बेसअनुरूप पूर्ण क्षमतामा उडान

काठमाडौं, १८ असार/रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (त्रिअवि)मा आन्तरिक उडानका ३३ विमानले रात्रिकालीन (अप्रेशन बेस) अनुरूप पूर्ण क्षमतामा उडान सञ्चालन गरिरहेका छन् ।

काठमाडौं विमानस्थलमा आन्तरिकतर्फ १७ वटा विमानका लागि मात्रै पार्किङको क्षमता रहेको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणले बाँकी ३३ विमानले काठमाडौं बाहिरबाट उडान गर्नुपर्ने निर्णय गरेको थियो । आन्तरिकतर्फ १७ वटा विमानले रात्रिकालीन बेसअनुरूप उडान गर्नुपर्ने प्राधिकरणको निर्णयबमोजिम अन्य एयरलाइन्सले काठमाडौंबाहिरबाट उडान सञ्चालन गरिरहेका हुन् ।

आन्तरिक उडानमा नौवटा वायुसेवा कम्पनीका ५२ विमान छन्। अन्तर्राष्ट्रिय विमानस्थलमा जहाजको पार्किङ चाप बढेर उडान सुरक्षामा चुनौती थपिएको भन्दै विमानस्थल कार्यालयले एयरलाइन्सलाई बेसअनुरूप नै उडान सञ्चालन गर्न पटक-पटक आग्रह गर्दै आएको थियो । प्राधिकरणको बैठकले वायुसेवा कम्पनीले यही असार १३ देखि तोकिएको बेस विमानस्थलमा राति पार्किङ गरी पहिलो उडान सोही विमानस्थलबाट गर्ने निर्णय गरेको थियो।

प्राधिकरणले आवश्यक सहजीकरण गरिदिएका कारण एयरलाइन्सले बेसअनुरूप नै काठमाडौंबाहिरबाट पूर्ण क्षमतामा उडान सञ्चालन गरिरहेको नेपाल वायुसेवा सञ्चालक सङ्घका प्रवक्ता योगराजशर्मा कँडेलले बताए । उनले भने, "प्राधिकरणले काठमाडौंबाहिरका गन्तव्यमा पार्किङका लागि सहजीकरण गरेपछि अहिले सबैजसो विमानले बाहिरबाट उडान सञ्चालन गरिरहेका हुन्। प्राधिकरणको निर्णय ९० प्रतिशत कार्यान्वयनमा आइसकेको छ।"

प्राधिकरणका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रियतर्फ ११ वटा विमानलाई पार्किङ क्षमता छ । ३३




विमानले रात्रिकालीन बेसअनुरूप उडान गर्नुपर्ने हुन्छ । यसअघि आन्तरिकतर्फ ५१ वटा विमान पार्किङ भइरहेको थियो । हाल आन्तरिकतर्फ ११ वटा हेलिकप्टर कम्पनीका ३८ वटा हेलिकप्टर छन् । सङ्घका प्रवक्ता शर्माका अनुसार काठमाडौं विमानस्थलमा २१ वटा हेलिकप्टरलाई पार्किङको व्यवस्था भएको र बाँकी हेलिकप्टरका लागि भक्तपुरको नलिनचोकमा व्यवस्था गरिने भएको छ। हेलिकप्टरले पनि रात्रिकालीन बेसअनुरूप उडान सञ्चालन गरिरहेका छन् ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले आन्तरिक एयरलाइन्सले रात्रि बेसअनुरूप काठमाडौंबाहिरबाट पूर्ण क्षमतामा उडान गरिरहेको जानकारी दिए । उनका अनुसार असार १३ गते सम्बन्धित गन्तव्यमा रात्रिकालीन पार्किङ गरेका विमानले असार १४ गतेदेखि काठमाडौंका लागि उडान शुरू गरेका थिए । प्रवक्ता निरौलाले काठमाडौं विमानस्थलमा विमानको पार्किङ क्षमताबारेमा पुनः अध्ययन गरेर आवश्यक व्यवस्था गरिने बताए । "एयरलाइन्सको आग्रहबमोजिम हाल १७ वटा विमान पार्किङ गर्ने स्थानमा थपेर २२ वटासम्म विमान पार्किङ गर्न सकिन्छ कि भनेर विमानस्थलको प्राविधिक टोलीले नाप जाँच गरेर सम्भाव्यताअनुरूप विमान पार्किङ गरिनेछ," उनले भने ।

**कति विमानले रात्रि बेस उडान गरिरहेका छन् ?**

निजी क्षेत्रको अग्रणी हवाईसेवा प्रदायक बुद्ध एयरले हाल भैरहवामा दुई, धनगढीमा एक तथा जनकपुर र भद्रपुरमा समान एक विमानले रात्रि पार्किङ गरी उतैबाट काठमाडौं पहिलो उडान भर्दै आएका छन्। कम्पनीका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले रात्रि बेसअनुरूप उडान सञ्चालन गरिरहेको बताए ।

उनका अनुसार कतिपय जहाज मर्मत गर्नुपर्ने भएकाले केही ह्याङ्गरमा र बाँकी पार्किङमैं बस्ने गरेका छन्। बुद्ध एयरसँग १४ थान एटिआर र दुईवटा बिजक्राफ्टसहित कुल १६ वटा विमान छन् ।

यती एयरलाइन्सले विराटनगर र नेपालगंजमा समान एक जहाज रात्रि पार्किङ गरिरहेको छ । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार कम्पनीसँग रहेका पाँच थान एटिआर-७२ विमानमध्ये दुईवटा काठमाडौंबाहिर पार्किङ भइरहेको छ भने दुईवटा पार्किङमा र एक विमान ह्याङ्गरमा रात्रि व्यवस्थापन गरिंदै आइएको छ । श्री एयरलाइन्सले विराटनगर, भैरहवा र नेपालगंजमा गरी कुल तीन जहाज रात्रि पार्किङ गरिरहेको कम्पनीका व्यवस्थापक अनिल मानन्धरले जानकारी दिए। बाँकी विमान काठमाडौंमैं बस्छन् । कम्पनीसँग जम्मा आठवटा जहाज रहे पनि पाँचवटा मात्रै उडानमा छन् ।

अन्तर्राष्ट्रिय विमानस्थलको विद्यमान उडान चाप नियन्त्रणका साथै हवाई सुरक्षा सुदृढीकरणका लागि प्राधिकरण सञ्चालक समितिको गत असार ५ गतेको बैठकले निर्णय गरेअनुरूप हेलिकप्टरको हकमा असार ८ गतेदेखि र विमानको हकमा असार १३ गतेदेखि अनुमति लिएकालाई बेसमैं जान निर्देशन दिएको थियो । जस अनुसार विमान कम्पनीले काठमाडौंबाहेक अनुमति लिएका विमानस्थलमा रात्रि पार्किङ गरेका हुन्। साथै हेलिकप्टरको हकमा हाल पार्किङ भइरहेको स्थानमा एक महीनाभित्रै एशियाली विकास बैंकको ऋण सहयोगमा ह्याङ्गर निर्माण शुरू हुने भएकाले साइट क्लियर गर्न जरुरी रहेको प्राधिकरणको भनाइ छ । काठमाडौंबाहिरका १० वटा विमानस्थलमा रात्रिकालीन पार्किङ गर्नेगरी व्यवस्थापन गरिएको प्राधिकरणले जनाएको छ। त्यसका लागि रु ५० करोड खर्च भएको र आवश्यक सुरक्षा तथा अन्य सेवा सुविधा उपलब्ध गराएको जनाइएको छ ।

त्रिअविमा रहेको आन्तरिक वायुसेवा कम्पनीका अप्रेशन बेस उपत्यकाबाहिर स्थानान्तरण गर्ने प्रयोजनका लागि अध्ययन एवं सुझावका लागि गठित समितिको सुझाव अनुसार प्राधिकरणले एयरलाइन्सलाई बेसअनुरूप उडान गर्न निर्देशन दिएको थियो ।

# नेप्से परिसूचकको उकालो यात्रा

काठमाडौं, १९ असार/रासस




शेयर कारोबार हुने साताको पहिलो दिन आइतवार नेप्से परिसूचक ५८ अङ्कले उकालो लागेको छ । पछिल्ला केही दिनदेखि नेप्से परिसूचकले उकालो यात्रा तय गरेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५७.६५ अङ्कले उकालो लागेर दुई हजार ८६.४२ मा पुगेको छ। त्यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १०.२१ अङ्कले उकालो लागेर ३९८.८२ मा पुगेको छ ।

नेप्सेको उकालो यात्रासँगै कारोबार रकमसमेत वृद्धि भएको छ। कुल २३१ कम्पनीका ६२ लाख २७ हजार ६९२ कित्ता शेयर रु दुई अर्ब ४८ करोड चार लाख ७३ हजार ९९९ मूल्यमा खरीद-बिक्री भए ।

कारोबार भएका १३ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ। बैंकिङ १६.८३, व्यापार १७४.८६, होटल तथा पर्यटन ९४.८७, विकास बैंक ११८.४३, जलविद्युत् १२८.६२, वित्त ६५.९९, निर्जीवन बीमा १८२.८, उत्पादन २५०.४१, अन्य ७२.६७, लघुवित्त १३९.१६, जीवन बीमा १७०.५९, सामूहिक लगानी कोष ०.०६ र लगानी २.३६ अङ्कले उकालो लागेको छ ।

साताको पहिलो दिनको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब ७४ अर्ब ७० करोड ९३ लाख ९३ हजार ७९७ बराबर पुगेको छ । कारोबारका आधारमा ङादी ग्रुप पावर शीर्ष स्थानमा छ। सो कम्पनीको रु २२ करोड २८ लाख ६९ हजार ८८९ बराबरको कारोबार भयो । हिमालयन डिस्टिलरी रु आठ करोड ८१ लाख ३८ हजार, शिवम् सिमेन्ट रु छ करोड ९७ लाख ८५ हजार ९०६, एनआइसी एशिया बैंक रु ६ करोड ८९ लाख आठ हजार ५७४ र नेपाल पुनर्बीमा कम्पनी रु छ करोड २६ लाख ८१ हजार ३८२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

**छ कम्पनीको शेयर मूल्यमा सर्किट**

नेप्सेका अनुसार आइतवारको कारोबारमा विभिन्न छ कम्पनीका शेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । नेप्सेका अनुसार साल्ट ट्रेडिङ कर्पोरेशन, हिमालयन पावर पार्टनर, माथिल्लो तामाकोशी, सान्जेन जलविद्युत् कम्पनी, नेस्डो समृद्धि लघुवित्त र सिवाइसिएल नेपाल लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भयो। रसुवागढी हाइड्रोपावर, मध्य भोटेकोशी जलविद्युत् कम्पनी र कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर मूल्य नौ प्रतिशत बढीले वृद्धि भयो ।

यस्तै, बैंक अफ काठमाडौं ९.३१, न्यादी ग्रुप पावर ३.२३, प्रभु सेलेक्ट फन्ड ३.१८, नबिल ब्यालेन्स फन्ड तेस्रो २.५५ तथा सिटिजन म्युचुअल फन्ड एकका लगानीकर्ताले २.१९ प्रतिशतले गुमाए ।

# हल्कादेखि मध्यम वर्षाको सम्भावना

काठमाडौं, १९ असार/रासस

आज देशभर आंशिकदेखि सामान्य बदली रहनाका साथै धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने भएको छ । मनसुनी वायुको असरले देशभर आंशिकदेखि सामान्य बदली रहने र धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको हो ।

आगामी २४ घण्टामा वाग्मती र गण्डकी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने पनि विभागले जनाएको छ ।

वर्षाका कारण ती क्षेत्रमा दैनिक जनजीवन र यातायात क्षेत्रमा समेत असर पर्न सक्ने भएकोले सतर्क रहन सबैमा अनुरोध गरिएको छ । रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भागका केही स्थानमा र बाँकी भागका थोरै स्थानमा




हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

वाग्मती र गण्डकी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २१.० डिग्री र अधिकतम तापक्रम २८.८ डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५.५ डिग्री र सबैभन्दा धेरै जनकपुरको अधिकतम तापक्रम ३४.५ डिग्री सेल्सियस रहेको छ ।



वीरगंज कोरिडोरको एक कपडा उद्योगमा काम गर्दै एक मजदुर । तस्वीर : राधेश्याम पटेल

# कुम्लो बोकी ठिमीतिर



मन्तव्य

कुमार रुपाखेती

> **मुलुकको अवस्था हेर्नुस्, किसानले असारमा मल पाउँदैन, विद्यार्थीहरूले पुस्तक पाउँदैन, बिरामीले उपचार पाउँदैन, चेली–छोरीले सुरक्षा पाउँदैन, पढेलेखेकाले जागीर पाउँदैन, निमुखाले न्याय पाउँदैन तर सरकार उपरखुट्टी लगाएर बसेकै छ।**

एमाले र माओवादी मिलेर बनेको नेकपाको हबिगत सबैलाई थाहै छ। कम्युनिस्टहरूलाई अरूले होइन आफैं बर्बाद हुँदै जान्छन् भन्ने किंवदन्ती नै छ नेपालमा। नेकपा टुक्रिएपछि ओली समूह, प्रचण्ड समूह, माधव समूह र वामदेव समूहहरू जन्मिएका छन्। यिनलाई कम्युनिस्ट भन्नुभन्दा समूह भन्नु उचित हुन्छ।

भनिन्छ, एमाले फुट्दा माधव नेपाल शक्तिमा हुँदा सेवा, सुविधा उपभोग गर्ने कार्यकर्ताहरू माधव समूहमा पसे अनि ओली शक्तिशाली हुँदा पद र कुर्सीको सुविधा पाउनेहरू ओली समूहमा लागे। अनि यता पिछलग्गुहरूको भीडलाई समूह नभनेर कम्युनिस्टको बिल्ला कसरी भिराउने ? त्यसो त कम्युनिस्टको खोल ओढेर विप्लव, मोहन वैद्य, नारायणमान बिजुक्छे र नजाने अरू कति ज्ञात अज्ञात समूह सक्रिय छन् नेपालमा।

२००७ सालको जनमुक्ति आन्दोलनसम्म नेपालमा कम्युनिस्टहरूको कुनै भूमिका देखिंदैन। २०१७ सालमा राजा महेन्द्रले व्यवस्था परिवर्तन गरेपछि काङ्ग्रेसको शेखी झार्न राजाले कम्युनिस्टहरूलाई फलाइ फुलाइरहेको आरोप लाग्दथ्यो। २०१७ सालको व्यवस्था परिवर्तन अर्थात् पञ्चायती व्यवस्थामा थुप्रै काङ्ग्रेसी तथा कम्युनिस्ट खेमा परिवर्तन गर्दै राजा महेन्द्रको सेवामा पञ्च बनेका थिए। 'नयाँ बहुरिया अइली त लुगरीमे साबुन लगैली' भनेझैं कालान्तरमा यस्ता नवप्रवेशीहरू राजाको अठपहरिया मात्र साबित भएनन्, अपितु खुङ्खार पञ्च, महापञ्च पनि साबित भए। केही चाहिं नयाँ लुगा नौ दिन, लुगरी बरिस दिन भन्दै पुनः बहुदलवादीमा परिणत भए। २०४६/४७ को जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलनमा नेपाली कम्युनिस्टहरू नेपाली काङ्ग्रेसको खटनपटनमा आन्दोलनमा होमिए। त्यसो त पाकिस्तानमा जियाउल हकले जुल्फिकार अलि भुट्टोलाई फाँसी दिएपछि भुरा कम्युनिस्ट अखिल (अनेरास्ववियु)ले ठूलै आन्दोलन गऱ्यो, अस्कलकाण्ड भयो। यस घटनापश्चात् नेपालमा कम्युनिस्टहरूको राजनीतिक उपस्थिति उस्केको देखिन्छ।

अहिले मुलुकको अवस्था जर्जर छ, ज्यादा जोगी मठ उजाडको अवस्था छ। तिब्बती, भुटानीपछि अब रोहिंग्या शरणार्थीहरूको हकहितको कुरा उठ्न थालेको छ, गनिमत छ कि युक्रेनी शरणार्थीहरू यहाँ आइपुगेका छैनन्। हाम्रो होनहार युवाहरू खाडीबाट बाकसमा उपहारस्वरूप आउँदासमेत उफ र आह नगर्ने सरकार कहिले तिब्बती, कहिले भुटानी र अहिले रोहिंग्या शरणार्थीको आवभगत र सेवामा हाजिर छ। यसरी शरणार्थीहरू हाम्रो मुलुकमा थुपार्न हाम्रो छिमेकी भारतको ठूलो योगदान देखिन्छ। तिब्बती, भुटानी, रोहिंग्या जस्ता शरणार्थीहरू भारतीय बाटो हुँदै नेपाल पठाइएका हुन्।

मुलुकको अवस्था हेर्नुस्, किसानले असारमा मल पाउँदैन, विद्यार्थीहरूले पुस्तक पाउँदैन, बिरामीले उपचार पाउँदैन, चेली–छोरीले सुरक्षा पाउँदैन, पढेलेखेकाले जागीर पाउँदैन, निमुखाले न्याय पाउँदैन तर सरकार उपरखुट्टी लगाएर बसेकै छ। देउवा त गोबर गणेशझैं देखिन्छन्। सधैं सरकार परिवर्तन र मन्त्री पदको हानथाप छ। सांसद भएका सबैले कम्तीमा एकपटक मन्त्री पद चाख्न पाउने गरी संविधान संशोधन गरी दिए, हरहर न कचकच। पढालिखा कम्युनिस्टको खोल ओढेका बाबुराम भट्टराई उपेन्द्र यादवसँग अझुराएका छन्, पार पाउन गाह्रो छ। बिचरा वामदेवले एकता पार्टीको पासो थाप्न पाए। उता रामचन्द्र पौडेल न पार्टी सभापति, न प्रधानमन्त्री, अहिले राष्ट्रपति बनाउने आश्वासन पाएका छन्। वामदेवलाई पनि पटक–पटक पार्टी अध्यक्ष र प्रधानमन्त्री पाउने लोभ देखाइयो र अन्त्यमा माछा–माछा भ्यागुतो बनाइयो। वृद्ध भत्ता खाएर ज्येष्ठ नागरिकको सम्मानमा बस्नुपर्ने यी सबै अझै राजनीतिको रेसको लङ्डा घोडा बन्न रुचाएको देख्दा संसार नै अचम्भित छ। एउटा हिन्दी गीत छ– 'बस यही अपराध मैं हरबार करता हु, आदमी हुँ आदमी से प्यार करता हुँ।' यही गीतलाई हाम्रा नेताहरूले बङ्ग्याएर– 'नेता हुँ कुर्सी से प्यार करता हुँ'मा परिणत गरेको भान पर्न थालेको छ। अन्त्यमा श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

# 'सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थल निर्देशिका, २०७९' ल्याउने तयारी

काठमाडौं, १९ असार/रासस

सञ्चार क्षेत्रको कार्यस्थल सुरक्षित बनाउन तयार गरिएको 'सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थल निर्देशिका, २०७९' निर्देशिका कार्यान्वयनमा ल्याइने भएको छ। नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल नेपाल, सञ्चार क्षेत्रमा कार्यरत सङ्घसंस्था एवं सञ्चारक्षेत्रका विज्ञबीच बृहत् छलफल गरेर उक्त निर्देशिकाको मस्यौदा तयार गरिएको हो।

मस्यौदा समितिले तयार पारेको प्रारम्भिक विषयवस्तुमा विराटनगर, जनकपुर, चितवन, पोखरा, सुर्खेत र धनगढीमा छलफल भएपछि उपत्यकामा राष्ट्रिय गोष्ठी आयोजना गरेर अन्तिम रूप दिइएको हो। मस्यौदा समितिमा रहेका महासङ्घका पूर्वअध्यक्ष डा महेन्द्र विष्टले निर्देशिकालाई अन्तिम रूप दिने काम सम्पन्न भएको जानकारी दिंदै भने, "निर्देशिका तयार भएको छ, केही दिनमैं महासङ्घ र काउन्सिललाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ, त्यसपछि कार्यान्वयनमा आउने विश्वास छ।"

मस्यौदा समितिमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, डा विष्ट, न्यूनतम पारिश्रमिक निर्धारण समितिका संयोजक सङ्गीता खड्का, मिडिया एड्भोकेसी ग्रुपका कार्यकारी निर्देशक बबिता बस्नेत र अध्यक्ष अनीता बिन्दु रहेका थिए।

**कुन ठाउँ कार्यस्थलभित्र पर्छ ?**

कार्यस्थलका रूपमा सञ्चारमाध्यमका कार्यालय, कामसँग जोडिएका सार्वजनिक तथा निजीस्थल, भ्रमण, यात्रा, तालीम, कार्यक्रम वा सामाजिक गतिविधिका स्थान पर्छन्।

त्यस्तै, संस्थाले उपलब्ध गराएको बासस्थान, कार्यस्थलमा जाने आउने क्रममा प्रयोग हुने स्थान वा यातायात, भुक्तानी लिने, आराम गर्ने, कार्यालय समयमा खाना खाने, सरसफाइ गर्ने, कपडा फेर्ने वा मेकअप स्थान पर्नेछन्।

निर्देशिकामा कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहारमा शारीरिक, मनोवैज्ञानिक, यौनिक वा आर्थिक क्षति पुऱ्याउने गरी कार्यस्थलमा भएका वा हुने अस्वीकार्य व्यवहार र अभ्यास वा सोको धम्की, जसको उद्देश्य, परिणाम वा सम्भावित परिणाम हिंसा र दुर्व्यवहार हुन्छ। कामको सिलसिलामा प्रयोग हुने कम्प्युटर तथा अन्य सञ्चार तथा सूचना प्रविधिका साधन वा उपकरण वा इन्टरनेटको प्रयोग र सोमार्फत हुने सञ्चार वा अनलाइन हिंसालाई निर्देशिकामा समेटिएको छ।

लैङ्गिक हिंसा र दुर्व्यवहारमा कुनै व्यक्तिउपर उसको लिङ्ग वा लैङ्गिकतालाई लक्षित गरी वा लैङ्गिक भिन्नता वा असमानरूपमा कुनै खास लिङ्ग वा लैङ्गिक भिन्नता भएको व्यक्तिलाई असर गर्नेगरी हुने हिंसा र दुर्व्यवहार रहेको छ। यौनजन्य दुर्व्यवहारमा कुनै किसिमको दबाब, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कार्यस्थलमा गरिने यौनजन्य क्रियाकलापसँग सम्बन्धित यौनजन्य दुर्व्यवहार सम्झनुपर्छ।

उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरण, उमेर, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा गरिने भेदभावलाई निर्देशिकामा राखिएको छ।

शक्तिको दुरुपयोगमा पदीय हैसियत वा शक्तिको आडमा कसैलाई शारीरिक, मनोवैज्ञानिक, भौतिक, आर्थिक वा वृत्ति विकासमा असर पर्ने गरी कुनै पनि किसिमको धम्की वा प्रलोभन दिइ शारीरिक हिंसा, दुर्व्यवहार वा हतोत्साहन वा मनोवैज्ञानिक दबाबमा राख्ने वा बन्धक बनाउने प्रकृतिका कार्यलाई दुर्व्यवहारमा समेटिएको छ।

**के छ निर्देशिकामा नयाँ व्यवस्था ?**

'सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थल निर्देशिका, २०७९' मा गुनासो तथा सुनुवाइ गर्ने नयाँ व्यवस्था छ। निर्देशिकामा भनिएको छ, "कार्यक्षेत्रमा समेटिएका जोकसैलाई कार्यस्थलमा कसैले कुनै प्रकारको हिंसा वा दुर्व्यवहार वा यौनजन्य दुर्व्यवहार वा भेदभाव गरेमा सोबाट पीडित व्यक्ति वा निजको सहमतिमा निजको तर्फबाट जोसुकैले त्यस्तो व्यक्तिउपर व्यवस्थापक वा निजले गठन गरेको गुनासो सुनुवाइ समितिसमक्ष ३५ दिनभित्र लिखित वा मौखिकरूपमा गुनासो गर्न सक्नेछ।"

कुनै गुनासो आएमा व्यवस्थापकले सो सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही समितिमार्फत छानबिन गर्नुपर्ने र सोही बमोजिम छानबिन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने पत्रकार, कर्मचारी वा सेवाग्राहीलाई कुनै प्रकारको हिंसा वा दुर्व्यवहार वा यौनजन्य दुर्व्यवहार वा भेदभाव गरेको देखिएमा समितिले सिफारिश गर्ने व्यवस्था रहेको छ।

दोषी ठहरिएमा कारबाई गर्ने व्यवस्था निर्देशिकामा रहेको छ। कारबाईमा व्यक्तिलाई पीडितसँग माफी मगाउन लगाउने, यस्तो काम पुनः नगर्न सचेत गराउने, पीडितलाई मनासिब क्षतिपूर्ति भराइदिने र सेवा शर्तसम्बन्धी कानूनबमोजिम विभागीय कारबाई गर्ने व्यवस्था रहेको छ।

गुनासोको टुङ्गो सामान्यतया १५ दिनभित्र लगाउनुपर्नेछ। सो अवधिभित्र सुनुवाइ पूरा हुन नसक्ने अवस्था भएमा व्यवस्थापकको स्वीकृति लिई थप १५ दिनभित्र टुङ्ग्याउनुपर्ने हुन्छ।

गुनासो सुनुवाइ समितिमा संस्थाको कार्यकारी प्रमुख वा व्यवस्थापकले तोकेको विभागीय प्रमुख संयोजक हुनेछ। समाचार सम्पादन र कर्मचारी प्रशासन वा कानून हेर्ने शाखा प्रमुखमध्येबाट व्यवस्थापकले तोकेका दुईजना सदस्य रहने, पत्रकार महासङ्घको स्थानीय एकाइ र कर्मचारी युनियनका आधिकारिक प्रतिनिधि गरी दुईजना सदस्य, समितिको गठन गर्दा कम्तीमा दुईजना महिला हुनुपर्ने व्यवस्था रहेको छ।

निर्देशिकामा गुनासो गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, घटुवा गर्न, बढुवा रोक्का गर्न वा अन्य विभागीय कारबाई गर्न वा निजको सरुवा, कार्यक्षेत्र परिवर्तनलगायतका वृत्ति विकासमा असर पर्ने गरी कुनै किसिमको कारबाई गर्न नपाउने व्यवस्था रहेको छ।

व्यवस्थापकले यसविपरीत कुनै कर्मचारी उपर कुनै किसिमको कारबाई गरेमा त्यस्तो कर्मचारीले सो बेहोरा खुलाइ कानूनी उपचारका लागि सञ्चालक समिति वा निर्णय गर्नेभन्दा एक तहमाथिको पदाधिकारी वा निकायमा निवेदन दिन वा सीधैं राज्यका सम्बद्ध निकाय वा न्यायालयसमक्ष उजूरी दिन सक्ने व्यवस्था छ।

निर्देशिका बमोजिम गुनासो वा उजूरी गरेका कारणबाट कुनै कर्मचारीले कार्यस्थलमा कुनै किसिमको असुरक्षा महसूस गरेमा त्यस्तो कर्मचारीले सुरक्षाका लागि व्यवस्थापकसमक्ष निवेदन दिन सक्नेछ। कार्यस्थलमा दुर्व्यवहार नहुने वातावरण बनाउने र भएको अवस्थामा कारबाईको व्यवस्था मिलाउने रहेको छ।

**निर्देशिका पूर्ण कार्यान्वयन गर्न राष्ट्रिय गोष्ठीको सुझाव**

अन्तिम रायका लागि यही असार १५ गते आयोजना गरिएको राष्ट्रिय गोष्ठीमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाली पत्रकारितालाई स्वतन्त्र र मर्यादित बनाउनका लागि निर्देशिका उपयोगी हुने धारणा व्यक्त गरे। "सञ्चारक्षेत्रमा कार्यस्थल सुरक्षितसम्बन्धी निर्देशिका एउटा दस्तावेज बनाउने मात्र होइन, यसलाई कार्यान्वयन गरेर जानुपर्छ," मन्त्री कार्कीले भने, "यो दस्तावेजले पत्रकारलाई मात्र होइन, सबै नागरिकलाई उदाहरण हुनेगरी कार्यान्वयन गरेर जानुपर्छ।" उनले सञ्चारमाध्यमको कार्यकक्ष, कार्यस्थल, समाचार सङ्कलन गर्ने ठाउँमा मात्र सुरक्षा नभई समग्र समाजलाई सुरक्षित बनाउने विषयमा छलफल हुनुपर्ने जरुरी छ भने। सञ्चारकर्मी आफू अनुशासित, उत्तरदायी र पारदर्शी हुनुपर्ने उनको जोड थियो। मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले कुनै पनि कार्यस्थल सुरक्षित बनाउनु सरकारको दायित्व भएको र अरूभन्दा सञ्चारक्षेत्र अझ संवेदनशील भएको हुँदा निर्देशिका जरुरी भएको बताए। "सञ्चारक्षेत्रका लागि सुरक्षित कार्यस्थलसम्बन्धी निर्देशिका कार्यान्वयन गर्ने काम प्रेस काउन्सिलको हो," उनले भने, "नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिका सम्पूर्ण बैंकले कानूनसरह लागू गर्छन्, त्यस्तै सञ्चारक्षेत्रमा प्रेस काउन्सिलले लागू गरेको आचारसंहिता वा निर्देशिका पनि कानूनसरह लागू हुन्छ।"

राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झाले सञ्चारक्षेत्रलाई सुरक्षित बनाउन निर्देशिका बनाएर मात्र हुँदैन, त्यसलाई कार्यान्वयनमा लैजानुपर्छ भने। "निर्देशिका जरुरी छ, यो सबैको दायित्व हो, तर यसको स्वामित्व कसले लिन्छ ?", उनले थपे, "सञ्चारक्षेत्रमा यो पहिलो दस्तावेज होइन, पहिलो छलफल पनि होइन, यसलाई कागजमा सीमित बनाउने होइन, जिम्मेवारीपूर्वक लागू गर्नुपर्छ।" प्रेस काउन्सिल नेपालका अध्यक्ष बस्नेतले सो निर्देशिका काउन्सिलले जारी गरेर कडाइका साथ लागू गर्ने बताए। महासङ्घका अध्यक्ष विपुल पोखरेलले मिडियाले बहुलवादको अभ्यास गर्नुपर्ने भएकाले कार्यस्थल सुरक्षित हुनुपर्ने बताए। "महासङ्घले प्रत्येक तालीम सञ्चालन गर्दा सुरक्षित कार्यस्थलसम्बन्धी विषय नै राख्ने गरेको छ," उनले थपे, "निर्देशिका उल्लङ्घन गर्नेलाई कानूनी कारबाईका प्रक्रिया पनि अघि बढाउनुपर्छ।"

## फरक समाचार

# इलेक्ट्रिक वाहन वातावरणमैत्री हुन्छ ?

इलेक्ट्रोनिक कारलाई हामी जति वातावरणमैत्री बुझ्छौं त्यति छैन। सोसाइटी अफ रेयर अर्थ अनुसार एउटा विद्युतीय कार बनाउन प्रयोग हुने ५७ किलो कच्चा पदार्थ (८ किलो लिथियम, ३५ किलो निकिल, १४ किलो कोबाल्ट) जमीनबाट निकाल्नमा चार हजार २७५ किलो एसिड फोहर र ५७ किलो रेडियोएक्टिभ अवशेष उत्पन्न हुन्छ भने नौ टन कार्बन निस्किन्छ। जबकि पेट्रोलमा यो ५.६ टन मात्र हुन्छ।



इलेक्ट्रोल भेहिकल (इभी)मा १३ हजार ५०० लिटर पानी लाग्छ भने पेट्रोल कारमा पानी चार हजार लिटर लाग्छ। रिकार्डो कन्सल्टेन्सी अनुसार यदि इभीलाई कोइलाबाट बनेको बिजुलीबाट चार्ज गर्छौं भने डेढ लाख किलोमिटर गुडेपछि पेट्रोल कारको तुलनामा २० प्रतिशत मात्र कम कार्बन निकाल्छ। भारतमा ७० प्रतिशत बिजुली कोइलाबाट बनिरहेको छ भने अस्ट्रेलियामा भएको शोधले भन्छ– ३३ सय टन लिथियम फोहरमध्ये दुई प्रतिशत मात्र रिसाइकल हुन सक्छ, ९८ प्रतिशतले प्रदूषण फैलाउँछ।

एरिजोना विश्वविद्यालयको इकोलोजी विभागका एमिरेट्स प्राध्यापक गाई मैक्फर्सन भन्छन्, लिथियम दुनियाँको सबैभन्दा हलुका धातु हो। यसले सजिलै इलेक्ट्रोन छोड्दैन। यसै कारण इभीको ब्याट्रीमा सबैभन्दा बढी प्रयोग हुन्छ। ग्रीन फ्युल भनिने लिथियमको महिमामण्डन भइरहेको छ तर यसलाई जमीनबाट निकाल्दा पर्यावरण तीन गुना बढी विषाक्त हुन्छ। लिथियमको ९८.३ प्रतिशत ब्याट्री प्रयोगपछि खाल्डो खनेर पुरिन्छ। पानीको सम्पर्कमा आएपछि यसमा रिएक्शन हुन्छ र आगो लाग्छ।

उनले भने, अमेरिकाको पैशिफिक नर्थवेस्टको एउटा खाल्डोमा जून २०१७ देखि डिसेम्बर २०२० सम्म यी ब्याट्रीबाट आगो लागेको १२४ वटा घटना भएको थियो। यतिमात्र होइन, जर्मनीमा आइएफओ थिङ्क टयाङ्कद्वारा गरिएको शोध अनुसार मर्सिडिज सी२२०डी सेडानले प्रतिकिलोमिटर १४१ ग्राम कार्बन छोड्छ, जबकि टेस्ला मोडेल ३ को कार्बन उत्सर्जन १८१ ग्राम छ। संसारभरिका दुई सय करोड कारलाई इभीमा परिणत गर्दा असीमित एसिड फोहर निस्किन्छ, जसलाई विसर्जन गर्ने कुनै साधन छैन।


एमआइटी इनर्जी एनिसिएटिभका शोधकर्ता अनुसार दुनियाँमा करीब दुई सय करोड वाहन छन्। यसमा एक करोड मात्र विद्युतीय छन्। यदि सबैलाई इलेक्ट्रिक भेहिकलमा परिणत गरेपछि, त्यसलाई बनाउन जुन एसिड फोहर निस्किन्छ, त्यसलाई निस्तारण गर्न पर्याप्त साधन छैन। यस्तोमा सार्वजनिक यातायात बढाएर र निजी कारलाई घटाएर मात्र ग्रीन हाउस ग्याँस उत्सर्जन कम गर्न सकिन्छ।

**पेट्रोल कारभन्दा इभी कार किन राम्रो ?** पेट्रोल कारले प्रतिकिलोमिटर १२५ ग्राम र कोइलाबाट तयार बिजुलीबाट चार्ज हुने इलेक्ट्रिक कारले प्रतिकिलोमिटर ९१ ग्राम कार्बन छोड्छ। इन्टरनेशनल काउन्सिल अन क्लिन ट्रान्सपोर्टेशन अनुसार युरोपमा इभीले ६९ प्रतिशत कम कार्बन उत्सर्जन गर्छ, किनभने यहाँ ६० प्रतिशतसम्म बिजुली अक्षय ऊर्जाबाट बन्छ।

भारत सरकारले सन् २०३० सम्म ७० प्रतिशत कर्मशियल कार, ३० प्रतिशत निजी कार, ५० प्रतिशत दुई पाङ्ग्रे र ८० प्रतिशत तीन पाङ्ग्रे वाहनलाई इलेक्ट्रिक गर्ने लक्ष्य राखेको छ। सन् २०३० सम्म ४४.७ प्रतिशत बिजुली अक्षय ऊर्जाबाट बनाइने भएको र अहिलेसम्म २१.२६ मात्र अक्षय ऊर्जा छ।

# केरलामा एन्थ्रेक्स सङ्क्रमण

भारतको केरला राज्यमा एकपछि अर्को सङ्क्रमण देखिएको छ। पहिले वेस्ट नाइल फिभर, त्यसपछि टोमैटो फ्लु र नोराभाइरसको सङ्क्रमण फैलिएको थियो। अब यहाँ एन्थ्रेक्स सङ्क्रमण देखिएको छ। यस प्रकोपको कारण यहाँको बँदेलहरूको मृत्यु भइरहेको छ। केरलाकी स्वास्थ्यमन्त्री वीणा जर्जको भनाइ छ– अथिरापिल्ली वनक्षेत्रमा जङ्गली सुङ्गुरको मृत्यु भएको छ र जाँच गर्दा एन्थ्रेक्स पुष्टि भएको छ। स्वास्थ्य विभागको भनाइ छ, सुङ्गुरलाई पुर्ने स्वास्थ्यकर्मीहरूले सावधानी अपनाउनुपर्छ। उनले एन्थ्रेक्सको प्रसार रोक्न तत्काल पाइला चाल्नुपर्ने बताएका छन्।



**के हो एन्थ्रेक्सः** अमेरिकी स्वास्थ्य एजेन्सी सिडिसी अनुसार एन्थ्रेक्स ग्राम पोजिटिभ ब्याक्टेरियाबाट फैलिने बिमारी हो। यसको वैज्ञानिक नाम बेसिलस एन्थ्रेसिस हो। यो ब्याक्टेरिया माटोमा पाइन्छ र सजिलै जङ्गली वा पालुवा जनावरसम्म पुग्छ। सङ्क्रमित जनावरको सम्पर्कमा आएपछि वा रोगी जनावरको उत्पादन प्रयोग गरेपछि मान्छेलाई पनि सङ्क्रमित गर्न सक्छ।

एजेन्सी अनुसार सङ्क्रमण मान्छेमा होस् वा जनावरमा दुवैमा सङ्क्रमणले गम्भीर रूप लिन सक्छ र मृत्यु पनि हुन सक्छ। मान्छेको शरीरमा ब्याक्टेरिया पुगेपछि यसले तीव्र गतिमा आफ्नो सङ्ख्या बढाउँछ र टक्सिन छाड्छ, जसले अवस्थालाई गम्भीर बनाउँछ। यो ब्याक्टेरिया शरीरमा कैयौं प्रकारले पुग्न सक्छ। सासबाट, दूषित खानपान वा छालाको रोग भएपछि पनि ब्याक्टेरिया शरीरभित्र पस्न सक्छ।

**लक्षणः** सिडिसी अनुसार सङ्क्रमणपछि छालामा घाउ–खटिरा आउने, ज्वरो, कम्पन, छाती दुख्ने, बान्ता हुने, पेट, टाउको, शरीर दुख्ने, थकाइ लाग्ने यसका प्रमुख लक्षण हुन्।

**उपचारः** मान्छे सङ्क्रमित भएपछि खोपबाट बचाउन सकिन्छ। एन्थ्रेक्स थुप्रै प्रकारको हुन्छ तर यसको सबै मामिलामा एन्टिबायोटिक दिएर लक्षण र ब्याक्टेरियाको असरलाई नियन्त्रण गर्न सकिन्छ। सङ्क्रमणपछि एन्थ्रेक्सको ब्याक्टेरियाले स्पोर्सलाई रिलिज गर्छ र आफ्नो सङ्ख्या बढाउँछ। सङ्ख्या बढेपछि यसले बढी मात्रामा टक्सिन यानी विषाक्त पदार्थ उत्पादन गर्छ। यसलाई रोक्न एन्टिटक्सिन औषधि दिइन्छ।

**कसरी जोगिनेः** सिडिसी अनुसार यसबाट जोगिन खोप लगाउन सकिन्छ। यसको अलावा यात्राको क्रममा सङ्क्रमण भएको क्षेत्रमा बस्ने जनावरको सम्पर्कदेखि टाढा रहनुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चीनमा तैरिरहेको क्रेन डुब्दा २७ जना बेपत्ता

चीन, १९ असार/एएनआई

चीनको ग्वाङडोङ प्रान्तमा शनिवार बिहान पानीमा तैरिरहेको क्रेन डुब्दा कम्तीमा २७ जना बेपत्ता भएका छन् ।



तस्वीर : सिन्हवा

सिन्ह्वाका अनुसार सो तैरिरहेको क्रेन याङजियाङ शहर नजीकैको पानीमा चाबा नामक आँधीबाट जोगिने क्रममा यसको मुरिङ चेन भत्केपछि लङ्गर तानिएको र खतरामा रहेको अनुगमन प्रणालीले जनाएको छ । प्रान्तीय समुद्री खोज तथा उद्धार केन्द्रले सो घटनाको पुष्टि गरेको छ ।

बेपत्ताहरूको खोजीका लागि आसपासका उद्धार हेलिकप्टर, उद्धार जहाज र व्यापारिक जहाजहरूसमेत परिचालन गरिएको केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार राति १२ बजेतिर तीनजनाको उद्धार गरिएको थियो भने २७ जना पानीमा डुबेर बेपत्ता छन् ।

विज्ञप्ति अनुसार खोजी तथा उद्धार कार्य जारी छ । चालक दलका केहीले जहाज त्यागेका थिए, उनीहरूलाई सुरक्षित उद्धारको प्रयासमा बाधा पुगेको थियो–उद्धारकर्ताहरूले बताएको न्युयोर्क पोस्टको भनाइ छ ।

आँधी अधिकतम ६८ माइल प्रतिघण्टाको गतिमा चलेको बताइएको छ । दक्षिण चीन सागरमा सञ्चालित औद्योगिक सहायता जहाजका दुई दर्जनभन्दा बढी चालकदलका सदस्य डुबानमा परेको हुन सक्ने देखिएको छ । रासस

# गुडिरहेको ट्रेनमा आगलागी, यात्री सुरक्षित

प्रस, रक्सौल, १९ असार/

रक्सौलबाट भेलाही भएर नरकटियागंज चल्ने डेमो ट्रेनमा विद्युत् सर्ट सर्किट भएर आइतवार बिहान आगलागी भएको छ ।



तस्वीरः प्रतीक

ट्रेन नम्बर ०५५४१ आज बिहान ५:१० बजे रक्सौलबाट नरकटियागंजको लागि प्रस्थान गरेको थियो । रक्सौलबाट छ किलोमिटर टाढा भेलवा स्टेशनको पुल नम्बर ३९ नजीक आगलागी भएको रेलवे पुलिस फोर्सका कमान्डेन्ट एमके रायले बताए ।

गुडिरहेको ट्रेनको इन्जिनको पछाडिको भागमा आगलागी भएपछि स्थानीय र रेलयात्रीहरूले होहल्ला मचाएका थिए । त्यसपछि रेलचालकले आपात्कालीन ब्रेक लगाएर रेललाई रोकेका थिए ।

घटना भएलगत्तै जिआरपीको पहलमा अग्निनियन्त्रक दलको नेतृत्वमा आगोलाई केमिकलको प्रयोग गरी नियन्त्रणमा लिएको आरपिएफका कमान्डेन्ट रायले बताए । सो घटनामा सबै रेलयात्री सुरक्षित छन् ।

# भारतद्वारा धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी प्रतिवेदनको आलोचना

नयाँ दिल्ली, १९ असार/सिन्ह्वा

भारतले संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता आयोगले भारतमा धार्मिक स्वतन्त्रताका विषयमा गरेको पक्षपाती र गलत टिप्पणीको आलोचना गरेको छ ।

भारतको विदेश मन्त्रालयका अनुसार उक्त आयोगका टिप्पणीहरूले भारत र यसको संवैधानिक ढाँचा एवं बहुलताको विषयको बुझाइमा कमी रहेको टिप्पणी गरेको छ ।

"हामीले अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता (युएससिआइआरएफ)सम्बन्धी अमेरिकी आयोगले भारतको पक्षपाती र गलत टिप्पणीहरू उल्लेख गरेको देखेका छौं," भारतको विदेश मन्त्रालयका प्रवक्ता अरिनदम बागचीले शनिवार साँझ एक सञ्चारमाध्यमको प्रश्नको जवाफमा सो कुरा भनेका हुन् ।

"यी टिप्पणीहरूले भारत र यसको संवैधानिक ढाँचा, यसको बहुलता र यसको लोकतान्त्रिक नैतिकताको गम्भीर कमीलाई प्रतिविम्बित गर्दछ," शनिवार युएससिआइआरएफले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा आफ्ना आयुक्त डेभिड करीलाई उद्धृत गर्दै, "आयोग भारत सरकारको आलोचनात्मक आवाजहरू विशेषगरी धार्मिक अल्पसङ्ख्यकहरू र उनीहरूका लागि वकालत गर्नेहरूको निरन्तर दमनप्रति चिन्तित छ," भनिएको छ ।




भारतको विदेश मन्त्रालयका प्रवक्ता अरिनदम बागची । तस्वीरः एनएनआई

प्रवक्ता बागचीले भनेका छन्– "दुःखको कुरा आयोगले आफ्नो एजेन्डा अनुसार आफ्नो कथन र प्रतिवेदनहरूमा बारम्बार तथ्यहरूलाई गलत ढङ्गले प्रस्तुत गरेको छ । त्यस्ता कार्यहरूले आयोगको विश्वसनीयता र उद्देश्यको बारेमा चिन्तित तुल्याएको छ । रासस

# हत्या मुद्दामा फरार अन्सारी पक्राउ



प्रस, वीरगंज, १९ असार/

कर्तव्य ज्यान मुद्दामा फरार एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

२०७४/११/३ गते राति ९ बजेको समयमा वीरगंज–१ छपकैया निवासी २६ वर्षीय रमजान भन्ने हसमुद्दीन अन्सारीले भारत, बिहार, रक्सौल–१० निवासी मनीष कुमारलाई बारा, कलैया उपमहानगरपालिका–५ बहुअरीटोलस्थित नहरछेउमा घाँटी रेटी हत्या गरेका थिए ।

गत पाँच वर्षदेखि फरार रहेका रमजानलाई प्रहरीले आज बिहान छपकैयाबाट पक्राउ गरेको हो । उनलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, बाराको जिम्मा लगाइएको छ ।

# अढाई करोडका सिन्काले दाँत कोट्याउँछन् नेपाली

काठमाडौं, १९ असार/रासस

नेपाल राष्ट्र बैंकले हरेक महीना सार्वजनिक गर्ने तथ्याङ्कमा विदेशी मुद्राको सञ्चिति घट्दै गएको स्पष्ट देख्न सकिन्छ । त्यसको पछाडि नेपालीको परनिर्भर जीवनशैलीले पनि काम गरेको छ ।

जुन सामान आयात नगरे पनि हुन्छ, ती आयात भइरहेका छन् । जुन अत्यावश्यक सामग्री पनि होइन, त्यस्ता सामग्री आयात गरेर हामी आफैंले विदेशी मुद्राको सञ्चिति घटाइरहेका छौं ।

न त खानाको रूपमा प्रयोग गर्न मिल्ने, न त भोक नै मेटिने चुइङ्गमदेखि बिस्कुटसम्म आयात गरेर जिब्रोको स्वाद मेटिरहँदा त्यसले पार्ने प्रभाव भने विस्तार भएर गएको छ ।

भन्सार विभागको पछिल्लो विवरण अनुसार हाम्रै गाउँघरमा पाइने, बाँस प्रयोग गरेर निर्माण गर्न सकिने दाँत कोट्याउने सिन्काको आयातमा समेत मोटो रकम विदेशिएको छ ।

देशभित्रै सामान्यरूपमा उत्पादन गर्न सकिने 'टूथपिक' अर्थात् दाँत कोट्याउने सिन्का आयात गरेर नेपालीले परनिर्भरताको चरम नमूना प्रस्तुत गरिरहेका छन् ।

हाम्रा खेतबारीको डिलमा रहेको बाँस खेर गइरहेको छ तर चीनबाट टूथपिक आयात गरेर आफूलाई सानका साथ प्रस्तुत गर्ने नेपाली प्रवृत्तिले परनिर्भरता बढाइरहेको छ ।

विभागको विवरण अनुसार चालू आवको ११ महीनामा मात्रै कुल ८४ हजार ३८७ किलोग्राम बराबरको टूथपिक आयात भएको छ । त्यसका लागि मात्रै रु दुई करोड ५३ लाख ५२ हजार बराबरको रकम विदेशिएको छ । सामान्य उद्योग स्थापना गर्न सकिए मात्रै पनि टूथपिकका लागि रकम विदेशिने थिएन ।

यसबारेमा न त सरकारी निकायले सोचन भ्याएको छ, न त उद्योगी व्यवसायीले नै । परनिर्भर चरित्रका कारण आयात भइरहेका यस्ता सामग्री देशभित्रै उत्पादन गर्न सकिन्छ भन्ने सोच उद्यमी तथा व्यवसायीले राख्नुपर्ने आवश्यकता बढेर गएको छ ।

विभागको विवरण अनुसार चीनबाट मात्रै दुई करोड ५१ लाख ६२ हजार मूल्य बराबरको टूथपिक भित्रिएको देखिन्छ । अन्य देशबाट पनि त्यस्तो सामग्री आयात भएको छ । योभन्दा परनिर्भर चरित्र अरू हुनै नसक्ने जानकारहरूको भनाइ छ ।

'हरियो वन नेपालको धन' हाम्रालागि असाध्यै चर्चित छ । प्रायःजसो विद्यालय तहदेखि नै निबन्ध प्रतियोगितामा समेत यस विषयमा राम्रैसँग सिकाइन्छ । सरकारको नीति, योजना र कार्यक्रम पनि यसैमा केन्द्रित छ ।



वनसम्पदाको महत्त्व र आवश्यकताका बारेमा मुलुकमा शायदै कम मानिसलाई बुझाउनुपर्ला । पर्यावरणीय सन्तुलनका लागि वनजङ्गलको महत्त्व त छ नै यसका साथै व्यावहारिक प्रयोगमा समेत वन सम्पदाको अत्यधिक योगदान रहेको छ ।

मानिसको जीवनयापनको एक अङ्ग हो, वनसम्पदा । सुत्ने खाटदेखि बस्ने कुर्सीसम्मको स्वरूप काठ र काठजन्य वस्तुको प्रयोगबाटै हुने गर्छ । दाँत कोट्याउनसमेत काठबाट बनेको वस्तुको प्रयोग हुन्छ । यस्ता वस्तुको प्रयोगमा त नेपाली अगाडि छौं, तर उत्पादनमा भने शून्य जस्तै रहेको विभागको विवरणले देखाउँछ ।

चालू आर्थिक वर्षको एघार महीनाको आयात–निर्यातसम्बन्धी सार्वजनिक विवरण अनुसार यस अवधिमा मुलुकमा दाँत कोट्याउने टूथपिकको आयातमा करोडौं रुपैयाँ बाहिरिनुले हरियो वन नेपालको धन भन्ने नारालाई समेत गिज्याएको छ । मुलुकभित्रै सामान्य सीप तथा आर्थिक लगानीमा उत्पादन गर्न सकिने साधारण वस्तुको आयातमा करोडौं रकम बाहिरिने गरेको उदाहरण मध्ये लुगा अड्याउने साधन (ह्याङ्गर) पनि एक हो ।

हेर्दा सामान्य लागे पनि ह्याङ्गरको आयातमा लाखौं रकम विदेशिने गरेको तथ्याङ्क छ । विभागका अनुसार चालू आवको एघार महीनामा रु ६२ लाख ९० हजार मूल्य बराबरका यस्ता ह्याङ्गर आयात भएका छन् । यस्तै प्रकृतिको अर्को वस्तु हो, सलाईको काँटी, जसको आयातमा मात्रै रु ७० लाख ८२ हजार बराबरको रकम बाहिरिएको छ ।

एकातर्फ वनलाई धनसँग मिलाएर नारा बनाइन्छ तर यसै वनजङ्गललाई सदुपयोग गर्न नसकेर अर्बौं बराबरको रकम बाहिरिरहेको यथार्थ हाम्रासामु छ । विभागले सार्वजनिक गरेको विवरण अनुसार चालू आवको जेठ मसान्तसम्म करीब सात अर्ब ८१ करोडभन्दा बढीका काठ, बाँस तथा यसका सामग्री आयात भएको छ । यसरी मुलुकमैं उत्पादन गर्न सकिने वस्तुको आयातमा विप्रेषणबाट प्राप्त भएको रकम खर्च हुँदा मुलुककै शोधनान्तरमा नकारात्मक असर परेको छ ।

यस अवधिमा करीब रु ६७ करोड ७५ लाख बढी मूल्यका फर्निचर आयात भएका छन् ।


विभागको तथ्याङ्क अनुसार छिमेकी मुलुक चीन तथा भारतबाट यस्ता

(बाँकी अन्तिम पातामा)

# नाइजेरिया खानी आक्रमणः तीसजना सैनिकको मृत्यु

मैदुगुरी, नाइजेरिया, १९ असार/सिन्ह्वा

खानी मजदूरको खोजीमा खटिएका सुरक्षाकर्मीमाथि बन्दुकधारी समूहले अन्धाधुन्ध आक्रमण गर्दा ३० जना नाइजेरियाली सैनिकको मृत्यु भएको छ ।



तस्वीरः सिन्ह्वा

चारजना चिनियाँ नागरिकसहित अन्य खानी मजदूरमाथि बुधवार भएको आक्रमण र त्यस क्रममा अपहरण गरिएकाहरूको खोजीमा खटिएका सैनिक नाइजेरियाली सैनिक अधिकारीले बताए । मजदूरहरूको खोजी र उद्धारमा गएको फौजमाथि गरिएको आक्रमणको निन्दा गर्दै ती अधिकारीले आफ्ना सैन्य जवानलाई गुमाउनु हृदयविदारक घटना भएको उल्लेख गर्दै त्यसले आफूहरूलाई केही कमजोर बनाए पनि आक्रमणकारीहरूलाई ठेगान लगाउन पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे ।

शिरोरोमा मारिएका एकजना शिरोरोका एकजना स्थानीय अधिकारीका अनुसार मोटरसाइकल र ट्रकमा खानीमा आएका बन्दुकधारीले सुरक्षाफौजमाथि अन्धाधुन्ध गोली प्रहार गरेर सातजनाको हत्या गरेका थिए भने आठजना कामदारलाई पनि मारेका थिए । साथै उनीहरूले चिनियाँ कामदारलाई अपहरण गरेका थिए । मारिएका सर्वसाधारण खानी मजदूर भए नभएको यकीन भएको छैन । रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | ज्ञानोदय | वृष | भयचिन्ता |
| मिथुन | राज्यलाभ | कर्कट | अतिथिआगमन |
| सिंह | सुयश | कन्या | खर्चवृद्धि |
| तुला | धनलाभ | वृश्चिक | सफलता |
| धनु | ईश्वरभक्ति | मकर | वादविवाद |
| कुम्भ | व्यापारवृद्धि | मीन | कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं ।
वीरगंज महानगरपालिका

# फाउन्डेशनद्वारा मानव सेवा आश्रममा दिवा भोज

प्रस, वीरगंज, १९ असार/
पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका पूर्वसभापति स्व गिरिजाप्रसाद कोइरालाको ९९ जन्मजयन्तीको अवसरमा आइतवार जिपी कोइराला फाउन्डेशन, पर्साले मानव सेवा आश्रम वीरगंजमा आश्रितहरूलाई खाना खुवाएको छ ।

तीन दिने कार्यक्रम अन्तर्गत आज मानव सेवा आश्रममा आश्रितहरूलाई दिवा खाना खुवाएको फाउन्डेशनका अध्यक्ष महम्मद सहाबुद्दीनले बताए ।

उनकै अध्यक्षता र नेका पर्साका पूर्वसभापति राजेन्द्रबहादुर अमात्यको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नेकाका अशोक गुप्ता, रमेशनाथ पाण्डे, श्याम पटेल, दिना गुप्ता, मणिन्द्रलाल नेपाली, अरविन्द गुप्ता, मिन्टुदेवी सिंह, ध्रुव नेपाल, रोशन लामिछाने, किरण सरकार, ग्यासुद्दीन ठकुराई, रीतादेवी साह, वीरेन्द्र गुप्ता, मुन्नी देवीलगायतको सहभागिता थियो ।







# करणी आरोपमा होम ट्युशन लिने शिक्षक पक्राउ

प्रस, परवानीपुर, १९ असार/
पर्सा प्रहरीले एकजना होम ट्युशन लिने शिक्षकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिकाको एउटा वडामा घर भई महानगरभित्र सञ्चालनमा रहेको सामुदायिक प्राथमिक विद्यालयका प्रधानाध्यापक हुन् ।

सात वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा करीब ४२ वर्षीय शिक्षकलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

गत शुक्रवार साँझ घरमा कोही नभएको बेला होम ट्युशन लिन जाने गरेका ती शिक्षकले बालिकालाई एक्लो भेटेर अनैतिक क्रियाकलाप गरेपछि पीडित परिवारजनले प्रहरीमा उजूरी दिएपछि शिक्षकलाई पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले पीडित परिवारजनले पीडक तथा घटनाबारेमा गोपनीयता भङ्ग नगर्न अनुरोध गरेपछि पीडकको सम्बन्धमा तथा घटनाबारे थप नखुलाइएको बताए ।

# विकृतिविरुद्ध कलम चलाउन नगरप्रमुख चौहानको आग्रह

प्रस, वीरगंज, १९ असार/
पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले पत्रकारहरूलाई समाजमा रहेका विकृति, विसङ्गतिविरुद्ध कलम चलाउन आग्रह गरेका छन् ।

क्रियाशील युवा पत्रकार मञ्चका पदाधिकारीहरूसँगको भेटघाटमा उनले शनिवार सो कुरा बताएका हुन् । नगरप्रमुख चौहानले विभिन्न व्यवस्था, अवस्था परिवर्तनमा पत्रकारहरूको महत्त्वपूर्ण भूमिका रहेको भन्दै नामसरह संस्थालाई क्रियाशील हुन सुझाव दिएका थिए ।

मञ्चका अध्यक्ष प्रणाय साह, उपाध्यक्ष आनन्द पटेल, सचिव अरविन्द पटेल, कोषाध्यक्ष उपेन्द्र बरईलगायत सदस्यहरू सहभागी थिए ।


तस्वीरः प्रतीक

# पूर्वराजा शाहको जन्मोत्सव मनाइयो

प्रस, वीरगंज, १९ असार/
पूर्वराजा ज्ञानेन्द्र शाहको ७६औं जन्मोत्सव वीरगंजमा मनाइएको छ । नेपाल राष्ट्रवाद सङ्घको आयोजनामा जन्मोत्सवको अवसरमा घण्टाघरबाट र्‍याली निकालेर नगरपरिक्रमापछि सोही ठाउँमा कोणसभा गरी शुभकामना व्यक्त गरिएको थियो ।

सङ्घका अध्यक्ष जनकलाल साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्सा अध्यक्ष सङ्गीतादेवी साह, उमाशङ्कर कलवार, पृथ्वी झा, राजेन्द्र पाल, सन्तोष गुप्ता, हरेराम रौनियार, राधाकृष्ण चौहान, विष्णु दास, शिवशङ्कर प्रसाद, अफजल अन्सारी, इद महम्मद, वकील मियाँलगायतले शुभकामना व्यक्त गरेका थिए ।




# खेलकूदको संसार

## सप्तरीमा राष्ट्रिय महिला कबड्डी हुने

सप्तरी, १९ असार/रासस
सप्तरीमा सोमवारदेखि राष्ट्रिय महिला कबड्डी प्रतियोगिता हुने भएको छ । प्रतियोगितामा देशभरका नौ टोलीको सहभागिता हुनेछ ।

जिल्ला कबड्डी सङ्घको आयोजनामा तीन दिनसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको विजेता र उपविजेतालाई पुरस्कृत गरिने प्रतियोगिता मूल व्यवस्थापन समितिका संयोजक अरविन्दकुमार झाले जानकारी दिए ।

अखिल नेपाल कबड्डी सङ्घका कोषाध्यक्षसमेत रहेका झाका अनुसार सो प्रतियोगिता राजविराज नगरपालिका–८ स्थित राधाकृष्ण मन्दिरको परिसरमा सञ्चालन हुनेछ ।

# डस्टी कार्गोसम्बन्धी समस्या समाधान गर्ने –मन्त्री बडु

प्रस, वीरगंज, १९ असार/
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्र बडुले डस्टी कार्गोको भण्डारण तथा आयातसम्बन्धी समस्या समाधान गर्ने बताएका छन् ।


वीउवासङ्घको टोलीसँग भेट गर्दै मन्त्री बडु (बीचमा) । तस्वीरः सौजन्य

काठमाडौं पुगेको वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल नेतृत्वको टोलीसँग भेटवार्ताको क्रममा मन्त्री बडुले नेपाल तथा भारतका सम्बन्धित निकायहरूसँगको सहकार्यमा सो समस्या समाधान गर्ने आश्वासन दिए ।

मन्त्री बडुले एकीकृत जाँचचौकी तथा सुक्खा बन्दरगाहलाई अझ व्यवस्थित ढङ्गले सञ्चालन गर्न पहल गर्ने र भन्सारमा प्रयोग हुने अनलाइन प्रणालीको सर्भरलाई अपग्रेड गरी समस्या समाधानको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने बताए ।

वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालले ल्यान्ड कस्टम रक्सौलको २८ जून २०२२ को परिपत्रले नेपाली आयातकर्ताहरू मर्कामा परेको बताए । उनले नेपालका लागि आयात भई रक्सौल रेलवे साइडिङमा थुप्रिने धूलोजन्य औद्योगिक कच्चा पदार्थहरू मितेरी पुल भई आयात हुँदै आएकामा ल्यान्ड कस्टम रक्सौलले १ जुलाई २०२२ देखि सो रूट परिवर्तन गरी रक्सौल मुख्य बजार–लक्ष्मीपुर–एकीकृत जाँचचौकी कायम गरेपछि मर्का परेको बताए ।

उनले रक्सौल–मितेरी पुलकै बाटोलाई स्तरोन्नति गरी सधैंको लागि सोही बाटो प्रयोग गर्न पाउनुपर्ने माग गरे ।

भेटघाटमा श्रीसिया सुक्खा बन्दरगाहको भौतिक पूर्वाधार तथा संरचनागत विकासलाई प्राथमिकतामा राखिनुपर्ने, भारत सरकारले गहुँको निर्यातमा लगाएको रोक हटाउनुपर्ने, डस्टी कार्गोको व्यवस्थापन एवं भण्डारणको लागि एउटा छुट्टै पोर्ट निर्माण गर्नुपर्ने, तत्कालका लागि सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकीको बीचमा रहेको नेपाल सरकारको स्वामित्वमा रहेको ६२ बिघा जमीनलाई डस्टी कार्गोको भण्डारणका लागि प्रयोग गर्नुपर्ने, एकीकृत जाँचचौकीलाई अझ व्यवस्थित तुल्याउनुपर्ने, भारत हुँदै विदेश यात्राको लागि चाहिने "नो अब्जेक्शन पत्र" परराष्ट्र मन्त्रालयले जारी गर्दै आएकामा सो अधिकार प्रत्यायोजन गरी कुनै स्थानीय कार्यालयलाई दिनुपर्ने, भन्सारमा प्रयोग हुने अनलाइन प्रणालीको सर्भरमा सधैं समस्या आउने गरेकाले सोलाई सुधार गर्नुपर्नेलगायतका सुझाव दिए ।

मन्त्री बडुले सङ्घको समस्याप्रति आफू गम्भीर भएको बताए ।

भेटघाट कार्यक्रममा सङ्घका उपाध्यक्ष माधव राजपाललगायतको सहभागिता थियो ।

### अढाई करोडका सिन्का....

फर्निचरको आयात बढी मात्रामा भएको पाइएको छ । यस अवधिमा अर्बौंको प्लाई तथा ढोका तथा यसका कच्चा पदार्थ आयात भएको छ ।

पर्यावरणीय सन्तुलन तथा वातावरणको संरक्षणका साथै त्यसै कुहिएर खेर जाने तथा व्यवस्थित प्रयोगको सम्भावना रहेका वनउपजको व्यावसयिक प्रयोग गर्न सके यस्ता वस्तुमा आत्मनिर्भर बन्न समय नलाग्ने जानकारहरू बताउँछन् । जसका लागि सरकारले आवश्यकता अनुसारका नीतिगत व्यवस्था नै गर्नुपर्नेमा उनीहरूको जोड छ ।

सधैं परनिर्भर बनेर बस्ने कि देशभित्रैको काठको प्रयोग गरेर यस्ता सामग्रीको उत्पादन गर्ने भन्नेमा सरकारले स्पष्ट नीति लिनुपर्ने देखिन्छ । अन्यथा विदेशी मुद्राको सञ्चिति घट्यो भनेर सार्वजनिक स्थानमा वक्तव्य दिएकै भरमा कोही कसैले पनि छुट नपाउने अवस्थाको सिर्जना हुन सक्छ ।

# लेखापढी व्यवसायीको निर्वाचन सर्‍यो

प्रस, वीरगंज, १९ असार/
नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन मालपोत कार्यालय, पर्साको आसन्न निर्वाचनमा यसपटक मदनप्रसाद कुर्मी, जादोलाल साह कानू र स्वतन्त्र उम्मेदवार सुरेशप्रसाद कानू अध्यक्ष पदमा चुनाव लडिरहेका छन् । दुईवटा प्यानलमा यसपटक पनि निर्वाचन भइरहेको छ । गत चुनावमा रामाधारप्रसाद कलवार लगातार दोस्रोपटक निर्वाचित भएका थिए । यसपटक उनले मदनप्रसाद कुर्मी प्यानललाई समर्थन गरेका छन् । जादोलाल गत निर्वाचनमा रामाधारसँग पराजित भएका थिए ।



तस्वीरः प्रतीक

एशोसिएशन मालपोत कार्यालय, पर्साको निर्वाचन सरेको छ ।

शनिवार आयोजित साधारणसभामा हरहिसाबसम्बन्धी विवाद बढेपछि हिजोको मितिमा तोकिएको निर्वाचन सरेको हो । उद्घाटन सत्र सम्पन्न भएर बन्दसत्रमा विवाद भएको थियो । विवादपछि यही असार २५ गते निर्वाचन भनिएको थियो तर सो दिन मुस्लिमहरूको बकरीद परेकोले मिति तय हुन सकेको छैन । सम्भवतः असार ३२ गते शनिवार निर्वाचन हुने सम्भावना छ ।

नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन मालपोत कार्यालय, पर्सामा ३१३ जना लेखनदास आबद्ध छन् ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | जिपी कोइराला फाउन्डेशन | वृक्षारोपण | ठाराब क्याम्पस | ७:३० बजे |

**सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मूल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने टङ्की नियमितरूपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी टङ्की, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड